का.जि.प्र.का.द.नं. १००/०५९/६०
२५ असोज २०८२
शनिबार
11 October 2025
Saturday
नेपाल संवत् ११४५
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक
ईपेपर हेर्न

वर्ष २३, अंक २४५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

- छैन जेनजीको प्रतिनिधित्व
- मन्त्रिपरिषद असमावेशी
- एक महिनासम्म पाएन पूर्णता
- भएन सम्पति विवरण सार्वजनिक
- घटेन दलहरुसँगको दूरी
- कमजोर सुरक्षा समन्वय



# सरकारलाई आकार लिनै सकस



"सरकार निर्वाचन गराउने बाटोमा नभई मुलुकलाई अनावश्यक तिक्तता, तनाव र मुठभेडतिर लैजान उद्दत छ

■ **प्रदीप ज्ञवाली**
**उपमहासचिव, नेकपा एमाले**



"सुशासनको आन्दोलनबाट बनेको सरकारले पहिलो क्याविनेटबाटै भ्रष्टाचारको छानविन गर्ने निर्णय लिन नसकेकाले सन्तुष्ट हुने ठाउँ छैन

■ **दीपेश घिमिरे**
**सुशासन विज्ञ तथा विश्लेषक**



"जेनजीका मागसहित चुनाव गराउने र भ्रष्टाचार नियन्त्रणमा काम गर्ने यो सरकारले काम गर्न सकेन भने हामीले खबरदारी गर्नैपर्छ ।

■ **रक्षा बम**
**जेनजी प्रतिनिधि**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, २४ असोज

मुलुकको संकटपूर्ण अवस्थालाई सम्हाल्दै प्रतिनिधि सभाको निर्वाचन, भ्रष्टाचार नियन्त्रसहित महत्वपूर्ण जिम्मेवारी लिएर छोटो समयका लागि गठन भएको सुशीला कार्की नेतृत्वको सरकारले आकार लिन सकेको छैन । जेनजीहरूको भोटिङ, सेनाको सहयोग र राजनीतिक दलसमेतको मौन समर्थनमा गत २७ भदौको मध्यरातमा बनेको कार्की नेतृत्वको सरकारको गति सुस्त देखिएको हो ।

प्रधानमन्त्री कार्कीले एक महिनाको समयमा आफ्नो मन्त्रिमण्डललाई पूर्णता दिनसमेत सकेकी छैनन् । त्यस्तै, जेनजी (२४ भदौ)को आन्दोलनबाट केपी ओली नेतृत्वको राजनीतिक सरकार ढलेसँगै नेतृत्वविहीन बनेको मुलुकलाई निकास दिन नयाँ जनादेशका लागि चुनाव गराउने सरकारको सुस्तताले निराशाको बादल मडारिन खोजेको आमटिप्पणी हुन थालेको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलबाट लिखित रूपमा ६ महिनाको समयावधि तोकेरै प्रधानमन्त्री नियुक्त भएकी कार्कीले क्याबिनेटलाई पूर्णता दिन नसक्नुले उनको सुस्त कार्यशैलीलाई उजागर गरेको विश्लेषकहरू बताउँछन् । विश्लेषक दीपेश घिमिरे वर्तमान सरकारको कार्यशैली र कार्यप्राथमिकताका हिसाबले सफलताउन्मुख नरहेको टिप्पणी गरे । सरकार जुन जगबाट बन्यो त्यो जग नै बिर्सेकोजस्तो देखिएको घिमिरेको भनाइ छ । 'सुशासनको आन्दोलनबाट बनेको सरकारले जनतालाई सुशासनको प्रत्याभूति दिन सकेको छैन । निर्वाचन ऐन सच्याएर निर्वाचनलाई कम खर्चिलो र कम भड्किलो बनाउन सरकारले काम गर्नुपर्नेमा त्यसो हुन नसक्दा एक महिनाको अवधिमा सरकारप्रति प्रश्न गर्ने आधार बढ्दै गएको छ । ६ महिनाका लागि बनेको सरकारको एक महिनाको अवधिलाई मूल्यांकन गर्दा सन्तुष्ट हुने ठाउँ छैन ।' चुनाव गराउने म्यान्डेट पाएको सरकारको काम स्टेकहोल्डर राजनीतिक दलहरूसँगको समन्वय नै गर्न नसकेकाले सरकारले चुनाव गराउने सक्ने नसक्ने प्रश्न उठ्न थालेको उनको भनाइ छ ।

प्रधानमन्त्रीको सुस्तता र निर्णय प्रक्रियाको विषयलाई लिएर उनलाई प्रधानमन्त्री बनाएका >>> पृष्ठ २ मा

## सार्वजनिक गरेनन् सम्पत्ति विवरण

सुशासनको पक्षमा भएको आन्दोलनको जगबाट बनेको सुशीला कार्की नेतृत्वको सरकारका प्रधानमन्त्री र मन्त्रीहरूले नै आफ्नो सम्पत्ति विवरण बुझाएका छैनन् । सुशासनको जग बसाल्ने जिम्मेवारीसहित बनेको सरकारका प्रधानमन्त्री र मन्त्रीहरूले आमनागरिकले थाहा पाउने आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नु भए पनि सरकार त्यो बाटोमा नलागेको टिप्पणी भइरहेको छ । अन्तरिम सरकारले भ्रष्टाचारको छानबिनका लागि उच्चस्तरीय छानबिन आयोग बनाउने भनेको थियो । >>> पृष्ठ २ मा

## चुनावी छलफल सुरु

राष्ट्रपति रामचन्द्र पौडेलले आह्वान गरेको सर्वदलीय बैठकमार्फत चुनावी संवाद प्रारम्भ भएको छ । शुक्रबार शीतल निवासमा भएको छलफलमा प्रधानमन्त्री सुशीला कार्की र दलहका नेताहरूको उपस्थिति थियो । पार्टीका दोस्रो तहका नेताहरू सहभागी सो बैठकमा जेनजी आन्दोलनपछि उत्पन्न नयाँ परिस्थिति र निर्वाचनबारे छलफल भएको राष्ट्रपतिका प्रेस संयोजक किरण पोखरेलले जानकारी दिए ।

सरकारले आगामी फागुन २१ गतेका लागि प्रतिनिधि सभा निर्वाचन घोषणा भएको छ । बैठकमा नेपाली कांग्रेसबाट उपसभापति पूर्णबहादुर खड्का र महामन्त्री गगन थापा, नेकपा एमालेबाट >>> पृष्ठ २ मा

समाचार टिप्पणी

# जेनजीमा ओली र प्रचण्डले देखेको भूराजनीतिक चलखेल

*युवाहरूले राज्यप्रतिको असन्तुष्टिमा उठाएको आन्दोलनलाई दुई ठूला कम्युनिस्ट पार्टीका नेतृत्वले असन्तोष कम भूराजनीतिक चलखेल ज्यादा देखेका छन् । प्रचण्डको नजरमा २३ भदौको माग ठीक थियो तर २४ भदौमा विध्वंश नै भयो ।*



**जनक नेपाल/मध्यान्ह**
काठमाडौं, २४ असोज

आमनागरिकलाई दिक्क लाग्नेगरी सत्ताको लुछाचुँडी गरेका वामपन्थी नेताद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल 'प्रचण्ड'ले जेनजी आन्दोलनसँगै भएको विध्वंशलाई भने झन्डै एउटै आँखाले हेरेका छन् । २३ भदौको आन्दोलनबारे सत्ता र प्रतिपक्षीय मत राखे पनि २४ भदौको विध्वंशको दोष भने दुवैले भूराजनीतिक चलखेलमाथि थुपार्दै आआफ्नै शैलीमा प्रतिवादमा उत्रेका छन् ।

असुरक्षा बढेका बेला सुरक्षा घटाइएपछि राष्ट्रिय युवा संघ र वाइसिएलको घेरामा रहेका दुवै नेताका कैयन फरक र परस्परविरोधी धारणा छन् । तर जेनजी आन्दोलन र त्यसपछिको विध्वंशमा विदेशी घुसपैठ देख्ने आँखा भने समान छन् । आन्दोलनकै कारण सत्ता गुमाएका एमाले अध्यक्ष ओलीले सरकारको वैधतामाथि प्रश्न उठाउँदै नेपालीको नभएको आरोप लगाएका छन् । 'यो सरकार कसैको प्रतिनिधि होइन । नेपालीको चाहिँ होइन,' ओलीले भक्तपुरको गुन्डुमा सार्वजनिक रूपमै भने, 'बलमिच्याइँबाट बनेको सरकारका कारण देशको परिस्थिति असाधारण र असामान्य बनेको छ ।'

जेनजी आन्दोलन चर्को प्रहरी दमनको भोलिपल्ट २४ भदौमा भड्किएको थियो । त्यसमा आफ्नो कमजोरी स्वीकार्नुको साटो उनी विदेशी चलखेललाई देखाएर राष्ट्रिय स्वतन्त्रताको नारा लगाइरहेका छन् । कतिसम्म भने काठमाडौंको आकाशमा विध्वंशको धुँवा उडिसक्दासम्म ओली बालुवाटारमा सुरक्षा अंगका प्रमुखलाई सिक्किम भारतमा विलयको प्रसंग सुनाउँदै थिए । यस्तोबेला आफूले छोड्दा देशको अस्तित्व नै तलमाथि हुन सक्ने दाबी गरिरहेका थिए ।

ओलीभन्दा भिन्न शैलीमा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले शुक्रबार भूराजनीतिक चलखेल र सन्तुलनको व्याख्या गरेका छन् । काठमाडौंमा केही सम्पादकहरूसँग संवाद गर्दा उनको आँखामा २४ भदौको विध्वंशको भय त थियो नै सँगै भूराजनीतिक चलखेलको गहिरो अनुभूति । तर आफूलाई लागेको कुरा खुलस्त बोल्ने प्रचण्डको वाणीमा 'सेल्फ सेन्सरसिप' थियो । उनले धेरै कुरा बोले तर बोल्नैपर्ने विषयमा मौन रहे । देश इतिहासकै ठुलो संकटबाट गुज्रिरहेको बारम्बार दोहोऱ्याइरहे । राष्ट्रिय स्वाधीनता, नेपालीको आत्मनिर्णयको अधिकारमाथि इतिहासमा कहिल्यै नभएको दबाब र हस्तक्षेप भएको बताए । तर कसले गऱ्यो भन्न चाहेनन् ।

विध्वंश चर्किंदा प्रचण्ड विपक्षी दलहरूको बैठक बसेर प्रधानमन्त्री ओलीको राजीनामा माग्दै थिए । शीर्ष नेताहरूलाई निशाना बनाइएको त्यो घटनामा आफू कसरी बाँचियो भन्नेमै उनी आश्चर्यमा छन् । 'कहिलेकाहीँ लाग्छ, हामी बचियो कसरी ?' उनले भने, 'सेनाले बचाएको हो कि ? जनताले बचाएको हो कि ? हाम्रो पार्टीका साथीहरूले बचाएका हुन् कि ? कसले बचायो ?' >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## कामदारको म्यादी बिमाबाट बिमा कम्पनीहरूले गरे मनग्ये आम्दानी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ असोज

वैदेशिक रोजगारमा जाने कामदारको म्यादी बिमाबाट बिमा कम्पनीहरूले मनग्ये आम्दानी गरेको देखिएको छ । बिमा कम्पनीहरूले आर्थिक वर्ष २०८१/८२ मा वैदेशिक रोजगारीमा जाने ८ लाख ४० हजार ७३ वटा वैदेशिक रोजगार म्यादी जीवन बिमालेख जारी गरेर ३ अर्ब ५६ करोड ४ लाख ८६ हजार १ सय २७ रुपैयाँ संकलन गरेका थिए ।

बिमा कम्पनीहरूले सो अवधिमा कामदार वा उनीहरूको परिवारलाई १ अर्ब ९५ करोड ९७ लाख ५५ हजार ९ सय ९० रुपैयाँ दाबी भुक्तानी गरेका छन् । यो रकम कुल आर्जित बिमा शुल्कको ४५ प्रतिशत हाराहारी मात्रै हो ।

बिमा कम्पनीहरूले भने वैदेशिक रोजगार म्यादी जीवन बिमाको व्यापारबाट खासै नाफा नभएको, तर नगद प्रवाहलाई सन्तुलित बनाउन मात्रै मद्दत पुगेको बताउने गरेका छन् ।

वैदेशिक रोजगार म्यादी जीवन बिमा गरेको कामदारको कुनै कारणबाट वैदेशिक रोजगारीका क्रममा मृत्यु भएमा १० लाख रुपैयाँ, घातक रोग लागेमा ५ लाख रुपैयाँसम्म, किरिया खर्चबापत १ लाख, आयको नोक्सानीबापत २ लाख, औषधोपचार खर्चबापत १ लाख, शव ल्याउन खर्चबापत १ लाख रुपैयाँ सुविधा पाउने व्यवस्था छ । यसका अतिरिक्त स्थायी पूर्णअशक्तता बापत १० लाख रुपैयाँ र आंशिक पूर्णअशक्त भएमा तोकेबमोजिमको सुविधा पाउने व्यवस्था छ ।

वैदेशिक रोजगारामा जाने १६ देखि ६० वर्ष उमेर समूहका कामदारले १ देखि ५ वर्षसम्मको म्यादी बिमा गर्नुपर्ने व्यवस्था छ । देश र कामदारको उमेरअनुसार म्यादी बिमाको शुल्क फरक छ । वैदेशिक रोजगारीमा साउदी अरेबिया, कतार र युएईसहित खाडीका देश र मलेसिया जाने कामदारहरूले १ हजार ५ सयदेखि ४ हजारसम्म र कोरिया र इजरायल जाने कामदारले २ हजार ५ सयको बिमा गर्नुपर्ने व्यवस्था छ ।

ठुलो संख्यामा खाडी मुलुक र मलेसिया जाने कामदारको श्रम स्वीकृति २ वर्षको हुने भएपनि म्यादी बिमा श्रम स्वीकृति भन्दा १ वर्षभन्दा बढी अवधिको छ । कामदारले ३ वर्षको प्रिमियम तिरेर बिमा गराउँदै आएका छन् । तीन वर्ष अवधिको म्यादी बिमा गर्दा कामदारको हित हुने भन्दै प्रिमियम रकम बढाइए पनि त्यसको प्रत्यक्ष लाभ भने बिमा कम्पनीले पाएको वैदेशिक रोजगार व्यवसायीहरू बताउँछन् ।

## बर्सेनि डुब्छ मधेश

# राहत लिएर पुग्दैन सरकार

*गत वर्ष असोजको ११ र १२ गतेको अविरल वर्षाले त्राहिमाम भएका नागरिकहरु यस वर्ष पनि असोज १८ गतको वर्षाले विचल्लीमा परेका छन् । उनीहरु प्राकृतिक विपद्बाट बच्ने दिगो व्यवस्थापन त खोजिरहेकै छन् । तत्कालको आवश्यकता पूर्ति गर्न पनि उतिकै चुनौतीपूर्ण छ ।*



**धर्मेन्द्रकुमार साह/मध्यान्ह**
रौतहट, २४ असोज

मधेश प्रदेशका जिल्ला हरेक वर्षको वर्षायाममा बाढी र डुबानमा पर्छन । गत वर्ष असोजको ११ र १२ गतेको अविरल वर्षाले त्राहिमाम भएका नागरिकहरू यस वर्ष पनि असोज १८ गतको वर्षाले विचल्लीमा परेका छन् । उनीहरू प्राकृतिक विपद्बाट बच्ने दिगो व्यवस्थापन त खोजिरहेकै छन् । तत्कालको आवश्यकता पूर्ति गर्न पनि उत्तिकै चुनौतीपूर्ण छ ।

यस वर्षको असोज १८ गतेको वर्षा र त्यसपछि आएको बाढीले रौतहटका सदरमुकाम गौरसहित करिब आधा दर्जन नगरपालिका डुबानमा परे । राजपुर-१ राम टोल बस्ने ललिता रामको फुसको घर बाढीले बगाइदियो । उनी घरबारविहीन भए । यस्तो दुःखमा उनले सरकार भेटाउन सकिरहेका छैनन् । बकिया नदीको पानी अचानक घरमा प्रवेश गरेपछि उनले घरमा राखेको लताकपडासमेत निकाल्न सकेनन् । अनाज पनि रहेनन् । यस्तो बेला उनी बाँच्नका लागि आवश्यक न्यूनतम आवश्यकतापूर्तिकै समस्यामा छन् ।

घर बगाउनुभन्दा ज्यादा समस्या उनका लागि वैकल्पिक ठाउँमा सर्न नसक्नु रहेको छ । किनभने हरेक वर्षजसो घर बगाउँछ, ज्यान बचाएपछि अन्य केही बच्दैन । यस्तोमा डुबान नहुने ठाउँमा बस्न पाए हुने वा डुबान छेक्ने उपाय सरकारले खोजिदिए हुन्थ्यो भन्ने उनको अपेक्षा छ । बर्सेनि घर डुबानमा पर्दासमेत कुनै प्रकारको राहत र क्षतिपूर्ति पाउन नसकेको पीडितहरूको गुनासो छ । सरकारले बर्सेनि राहत दिने कुरा गरे तापनि एक बोरा चामल दिएर टार्ने गरेको उनीहरूको दुःखेसो छ । >>> पृष्ठ २ मा

### १५ हजार हेक्टर बढी धानबाली नष्ट

यस वर्षको बाढी र डुबानले घर मात्रै डुबाएको छैन । बालीनालीमा समेत क्षति पुऱ्याएको छ । १५ हजार हेक्टरभन्दा धेरै धानबाली नष्ट भएको विवरण छ । भदैया धान खेतमै उम्रिन थालेको छ भने दाना लाग्नेबेला भएको धानमा दाना नलाग्ने जोखिम छ ।

माधवनारायण नगरपालिका बस्ने ६८ वर्षीया अनुठा >>> पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com



# तोकिएको समयमा निर्वाचन सम्पन्न गराउन आयोग क्रियाशील : प्रमुख आयुक्त भण्डारी



**काठमाडौं/मस–** कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले फागुन २१ गते तोकिएको मितिमा निर्वाचन गराउन आफूहरू क्रियाशील रहेको बताएका छन् । शुक्रबार निर्वाचन आयोगको कार्यालयमा पुगेका जेनजी अभियन्ताहरूसँगको भेटमा उनले निर्वाचन तोकिएकै मितिमा सम्पन्न गराउन आयोग चौविसै घण्टा क्रियाशील रहेको बताएका हुन् ।

प्रमुख निर्वाचन आयुक्त भण्डारीले निर्वाचन सम्पन्न गराउनका लागि आयोगले राजनीतिक दलहरू, नागरिक अगुवा, बुद्धिजीवि, पत्रकार लगायतका सरोकारवाला पक्षासँग विभिन्न माध्यामबाट छलफल गरिरहेको दाबी समेत गरे ।

उनले सुरुमा निर्वाचन व्यवस्थापनको काम आयोगले गरेको उल्लेख गर्दै हाल मतदाता नामावली संकलनको कामलाई आयोगले तिब्रताका साथ अघि बढाएको पनि जानकारी दिए । निर्वाचन सम्पन्न गराउनका लागि आफूहरूले मतदाता शिक्षा कार्यक्रमलाई पनि सचेतनापूर्वक अघि बढाएको प्रमुख निर्वाचन आयुक्त भण्डारीको भनाइ थियो ।

कार्यबहाक प्रमुख निर्वाचन आयुक्त भण्डारीले सरकारले अध्यादेशमार्फत बाधा अड्काउ फुकाउने काम गरेपछि निर्वाचनको तयारीको कामले तिब्रता पाएको पनि स्पष्ट पारे । उनले निर्वाचनलाई निष्पक्ष रुपमा सम्पन्न गराउन पनि आयोग सचेत रहेको बताए ।

### आयोगलाई ज्ञापनपत्र

विदेशमा रहेका मतदाताहरूलाई पनि आगामी फागुन २१ गते हुने निर्वाचनमा सहभागी गराउनुपर्ने लगायतका मुख्य माग राखि जेनजी अभियन्ताहरूले निर्वाचन आयोगमा ज्ञापन पत्र बुझाएका छन् ।

काठमाडौंको कान्तिपथस्थित निर्वाचन आयोगको मुख्यालयमा पुगेर उनीहरूले विदेशमा रहेका मतदाताहरूलाई पनि निर्वाचनमा भाग लिन पाउने अधिकार सुनिश्चित गर्न माग गर्दै आयोग पदाधिकारीलाई ज्ञापन पत्र बुझाएका हुन् । रोजगारीको खोजीमा विदेशिन बाध्य मतदाताहरूलाई पनि निर्वाचनमा भाग लिने उनीहरूको अधिकार सुनिश्चित गर्न माग गर्दै निर्वाचन आयोगमा ज्ञापन पत्र बुझाइएको जेनजी अभियन्ता शिव यादवले बताए ।

उनले निर्वाचनको तयारीको बारेमा पनि आयोगसँग जानकरी लिइएको बताए । अभियन्ता यादवले भने, 'हाम्रो देशमा रोजगारीको अभावका कारण धेरे युवा साथीहरू आफ्नो हातमुख जोडनका लागि भएपनि देश छोड्नका लागि बाध्य छन अहिले । ती साथीहरूलाई पनि अब आउँदै गरेको निर्वाचनमा हरेक नेपाली नागरिकलाई मत हाल्ने अधिकार नेपालको संविधानले नै व्यवस्था गरेको छ । धेरैजसो नेपाली नागरिक दाजुभाईहरू नेपालमा जागिर नपाईपछि वा कुनै कारणवश विदेशिन बाध्य छन् । उहाँहरूलाई पनि अब आउने निर्वाचनमा जेनजी विद्रोहबाट जुन सरकार बन्यो । युवाहरूको विद्रोहबाट जुन सरकार बन्यो । अव आउने निर्वाचनमा विदेशमा भएका नेपाली नागरिकलाई पनि मतदानमा जसरी पनि सहभागि गराउनु पर्छ ।'

जेनजी अभियन्ताहरूले निर्वाचनलाई निष्पक्ष रुपमा सम्पन्न गराउन पनि आयोगलाई सचेत गराएका थिए ।

यता, कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले विदेशमा रहेको मतदाताहरूलाई आगामी निर्वाचनमा सहभागी गराउनका लागि आयोग लागि परेको बताए । उनले आयोगले त्यसका लागि सरकारसँग छलफल गरिरहेको पनि बताए। कार्यबहाक प्रमुख निर्वाचन आयुक्त भण्डारीले आयोगले सबै मतदाताको अधिकार हनन हुन नदिन दत्तचित्त भएर काम गरिरहेको बताए ।

# प्रेस काउन्सिलले आचारसंहिता अनुगमन प्रभावकारी बनाउने




**काठमाडौं/मस–** प्रेस काउन्सिल नेपालले पत्रकार आचारसंहिता अनुगमनलाई थप प्रभावकारी बनाउने निर्णय गरेको छ ।

शुक्रबार काउन्सिलका सदस्य बालकृष्ण अधिकारीको अध्यक्षतामा बसेको बैठकले आचारसंहिता उल्लंघनका प्रवृत्ति, उजुरी र स्वअनुगमनलगायत सम्बन्धमा विभिन्न ६ वटा निर्णय गरेको काउन्सिलले जनाएको छ ।

कतिपय मिडियाबाट भ्रामक सूचनाहरू सम्प्रेषण भइरहेको गुनासा आइरहेको र काउन्सिलको अनुगमनबाट त्यस्तो देखिएको ठहर बैठकले गरेको छ । बदलिँदो परिस्थितिसँगै प्रतिनिधिसभा निर्वाचनको मिति तय भएको अवस्थामा थप जिम्मेवार भई आचारसंहिता पालनामा ध्यान दिन पत्रकार र सञ्चारमाध्यमलाई आह्वान गर्ने निर्णय गरेको छ ।

त्यसैगरी आचारसंहिता अनुगमनलाई थप चुस्तदुरुस्त बनाउन काउन्सिलका तीन सदस्यलाई 'फोकल पर्सन' तोक्ने र उजुरी तथा गुनासा सुन्ने व्यवस्था गरेको छ । फोकल पर्सनमा टेलिभिजन, एफएम रेडियोतर्फ नकुल अर्याल, छापा माध्यमतर्फ पदमराज जोशी र अनलाइन सञ्चारमाध्यमतर्फ शन्तराम बिडारीलाई तोकिएको छ ।

त्यसैगरी सातै प्रदेशमा आचारसंहिता, मिडिया अनुगमन तथा श्रमजीवी पत्रकार र मिडियाको अवस्था सम्बन्धमा अन्तर्क्रिया गर्ने पनि बैठकले निर्णय गरेको छ । गत भदौ ५ देखि असोज ५ सम्म सञ्चार माध्यमबाट सम्प्रेषित सामग्रीको विशेष अनुगमन गर्ने पनि काउन्सिलले निर्णय गरेको छ। जसका लागि सदस्य बालकृष्ण अधिकारीको संयोजकत्वमा विज्ञसहितको कार्यदल गठन गर्ने जनाइएको छ ।

# मानसिक स्वास्थ्य दिवसको अवसरमा सचेतना कार्यक्रम




**युवराज पुन मगर/मध्यान्ह**
रुपन्देही, २४ असोज

विश्व मानसिक स्वास्थ्य दिवस-२०२५ को अवसरमा देवदहमा सचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ । रोट्र्याक्ट क्लब अफ देवदह मेडिकल कलेज तथा देवदह मेडिकल कलेज न्यूरोसाइक्याट्री विभागको संयुक्त आयोजनामा भएको सो कार्यक्रममा मानसिक स्वास्थ्यसम्बन्धी विविध गतिविधिहरू प्रस्तुत गरिएका थिए ।

कार्यक्रममा देवदह मेडिकल कलेजमा तेस्रो वर्षमा अध्ययनरत छात्राछात्रहरूले नाटक तथा प्रतिभा प्रदर्शन गरेर मानसिक स्वास्थ्यप्रति जनचेतना जगाउने उद्देश्य राखेका थिए । कार्यक्रमको आथित्य रोट्र्याक्ट क्लब अफ देवदह मेडिकल कलेजका अध्यक्ष र प्रशिक्षार्थी डा.अभिषेक ढकालले ग्रहण गरेका थिए । कार्यक्रममा डा.नर्स, विद्यार्थी र बिरामीहरू गरी ६० जनाभन्दा बढीको उपस्थिति रहेको थियो । सोही अवसरमा न्युरोसाइक्याट्री विभागका बिक्रम काफ्लेले मानसिक स्वास्थ्यलाई बेवास्ता गर्नु समाजका लागि ठुलो चुनौती भएको उल्लेख गर्दै मानसिक बिरामीहरूप्रति समाजका सबै वर्गले विशेष ध्यान दिनुपर्ने बताए ।

त्यसैगरी न्यूरोसाइक्याट्री विभागकी डा. अर्पणा पोखरेलले आगामी दिनमा मानसिक स्वास्थ्यको विषयलाई अझ राम्रोसँग जनसमुदायमा पुर्‍याउन विभिन्न जनउपयोगी कार्यक्रम ल्याउने प्रतिबद्धता व्यक्त गरिन् ।

सहभागीहरूले उक्त कार्यक्रमलाई अत्यन्त उपयोगी, ज्ञानवर्धक र प्रेरणादायी भएको बताएका छन् ।

### सरकारलाई...

जेनजीहरूले नै विरोध जनाएका छन् । प्रधानमन्त्री कार्कीले ११ मन्त्री बनाउने बताएकी थिइन् । तर अहिलेसम्म सात जना मन्त्री मात्रै उनको क्याबिनेटमा छन् । समयमै सरकारलाई पूर्णता दिएर चुनावलगायत आफ्ना मूलभूत एजेन्डामा छलफल चलाउनुपर्ने प्रधानमन्त्रीले पहिलोपटक भदौ ३० मा पूर्वअर्थसचिव रामेश्वर खनाल, नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी प्रमुख कुलमान घिसिङ र काठमाडौंका मेयर बालेन शाहका कानुनी सल्लाहकार ओमप्रकाश अर्याललाई मन्त्री नियुक्त गरेकी थिइन् । त्यसपश्चात् प्रधानमन्त्री कार्कीले असोज ६ गते पूर्वन्यायाधीश अनिलकुमार सिन्हा, तत्कालीन राज्य पुनर्संरचना आयोगका संयोजक मदन परियार, राष्ट्रिय आविष्कार केन्द्रका अध्यक्ष महावीर पुन र पत्रकार जगदीश खरेललाई मन्त्री बनाए पनि मन्त्रिमण्डलले अझै पूर्णता पाउन सकेको छैन । सानो आकारको मन्त्रिपरिषद् बनाउने उनको उद्घोषअनुसार अझै ३ देखि ५ जना मन्त्री थप्नुपर्नेछ । कार्कीको क्याबिनेटमा मन्त्री बन्नेहरू नै पाउन नसक्दा प्रधानमन्त्रीलाई मन्त्रिपरिषद् पूर्णता दिन धौधौ भएको उनको सचिवालयले जनाएको छ । फागुन २१ का लागि निर्वाचन तोकेको सरकारले मुख्य एजेन्डा छाडेर अन्यत्र अल्मलिएको आरोपसमेत लाग्न थालेको छ ।

नेकपा एमालेले वर्तमान अन्तरिम सरकार निर्वाचन गराउने बाटोमा नभई मुलुकलाई अनावश्यक तिक्तता, तनाव र मुठभेडतिर लैजान उद्दत भएको जिकिर गरेको छ । वर्तमान सरकारले गरेका क्रियाकलापबारे पार्टीमा गम्भीर समीक्षा भएको भन्दै एमाले उपमहासचिव प्रदीप ज्ञवालीले भने, 'सरकार निर्वाचन गराउने बाटोमा नभई मुलुकलाई अनावश्यक तिक्तता, तनाव र मुठभेडतिर लैजान उद्दत छ । एकातिर प्रहरीलाई कुटीकुटी हत्या गर्ने र हतियार लुट्नेलाई गृहमन्त्रीको दबाबमा सजिलै छाडिदिने र अर्कोतिर शान्तिपूर्ण प्रदर्शन गर्ने दलहरूलाई रोक्ने, नेताहरूलाई स्थान हद लगाउने कुराहरूले सरकारले आफ्नो जिम्मेवारी पूरा गर्ने तहमा रहेको देखिएको छैन ।'

सरकारमा जेनजीको प्रतिनिधित्व हुनुपर्ने जेनजी प्रतिनिधि रक्षा बमको भनाइ छ । प्रधानमन्त्रीले जेनजीका अगुवाहरूसँगको छलफलमा जेनजीलाई सरकारमा प्रतिनिधित्व गराउने प्रतिबद्धता जनाएको बताइन् । तर छोटो अवधिको सरकारको काम ढिला हुँदै गएको देखिन्छ । वर्तमान अन्तरिम सरकारसँग आशावादी रहेको बताउँदै उनले मध्यान्हसँग भनिन्, 'सरकार गठन भएको एक महिना हुँदै गर्दा आन्दोलनकारीका माग पूरा गराउने सन्दर्भमा प्रधानमन्त्रीले प्रतिबद्धता जनाएकाले अहिले नै अविश्वास गरिहाल्ने बेला भएको छैन । हामीलाई विश्वास छ कि आन्दोलनकै जगबाट बनेको यो सरकारले पाएको मुख्य जिम्मेवारी चुनाव गराउने र भ्रष्टाचार नियन्त्रणका लागि काम गर्ने हो, गर्छ । तर सरकारले काम गर्न सकेन भने हामीले खबरदारी गर्नैपर्छ ।'

चुनावका सन्दर्भ मुख्य सरोकारवाला राजनीतिक दलसँग समेत पर्याप्त छलफल गर्न नसकेको राजनीतिक दलका नेताहरूले आरोप लगाएका छन् । यद्यपि शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेलको आह्वानमा चुनावका विषयमा छलफल प्रारम्भ भएको छ । राष्ट्रपतिले सबैको अभिभावक बनेर सर्वदलीय बैठक बोलाएका छन् । त्यहाँ प्रधानमन्त्रीसमेतको सहभागिताले सरकारले विस्तारै गति लिन्छ भन्नेमा सबैले विश्वास गरेर जानुपर्नेमा जेनजी अगुवा बम बताउँछिन् । सरकारमा समावेशी प्रतिनिधित्वसमेत हुन नसकेको आवाज बलियो बन्दै गएको छ । त्यस्तै मुलुकको शान्तिसुरक्षा र अमनचयनका लागि सरकारले सुरक्षा अंगहरूसँगको समन्वयसमेत बलियो बनाउन नसकेको सुरक्षा अधिकारी बताउँछन् ।

सैनिक जंगी अड्डामा राष्ट्रपति रामचन्द्र पौडेल, सेनापति अशोकराज सिग्दले, जेनजी प्रतिनिधि र सुशीला कार्कीबीच पटकपटकको छलफलपछि नेपालको पहिलो महिला प्रधानमन्त्री बन्न सफल सुशीलाले आफ्नो गतिलाई भने बढाउन नसकेको आमटिप्पणी हुन थालेको छ । नेपालको इतिहासमा ४२औं प्रधानमन्त्रीको जिम्मेवारी लिएकी कार्कीले पहिलो महिला प्रधानन्यायाधीश हुँदै पहिलो महिला प्रधानमन्त्री बन्ने शौभाग्य पाएकी हुन् । प्रधानमन्त्री कार्की नेतृत्वको सरकारप्रति सबैको आशा र भरोसा भए पनि एक महिनासम्म सरकारले आफ्नो आयतन बढाउन नसक्दा संशय उत्पन्न भएको चौतर्फी आलोचना हुन थालेको छ ।

### सार्वजनिक...

सो विषयमा समेत सरकारले छलफल अघि बढाउन सकेको छैन । सुशासनको पहिलो प्राइमरी कुरा भनेको सुशासनको आन्दोलको जगबाट बनेको सरकारले आमनागरिकलाई थाहा पाउनेगरी आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने अहिलेसम्म नआएको सुशासन विज्ञसमेत रहेका विश्लेषक दीपेश घिमिरेले बताए ।

उनले भने, 'यो सरकारका सबै मन्त्रीले आममानिसले थाहा पाउनेगरी सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्नेमा त्यसो हुन सकेको छैन । क्याबिनेटको पहिलो बैठकबाटै भ्रष्टाचारको छानबिन गर्न उच्चस्तरीय शक्तिशाली आयोग बनाउने निर्णय लिनुपर्नेमा अझै निर्णय गरेको छैन । अर्को कुरा यही संवैधानिक संरचनाभित्र रहेर चुनाव गराउनुपर्ने भएकाले निर्वाचन आयोगसँगको परामर्शमा कसरी चुनावलाई कम खर्चिलो बनाउन सकिन्छ भनेर निर्वाचन ऐन संशोधन गरेर जानुपर्ने त्यो पनि गर्न सकेको छैन । त्यस कारण सरकारप्रति सुशासनको जुन अपेक्षा राखिएको थियो अहिले संशय उत्पन्न भएको छ ।'

केही मन्त्रीहरूले आफ्नो सम्पत्ति विवरण प्रधानमन्त्रीको सचिवालयमा बुझाएका छन् भने कतिपयले अझै बुझाएका छैनन् । तर प्रधानमन्त्री कार्यालयमा बुझाएको सम्पत्ति विवरण आमरूपमा देखिनेगरी सार्वजनिक गर्न सकेको छैन । अघिल्ला सरकारका मन्त्रीहरू सुशासनमैत्री थिएनन् भनिरहँदा यो सरकारको अवस्थासमेत त्यस्तै देखिएको सरोकारवाला बताउँछन् । शिक्षामन्त्री महाविर पुनले सम्पत्ति विवरण प्रधानमन्त्रीको सचिवालयमा बुझाएको बताए । उनले भने, 'मैले मेरो सम्पत्ति विवरण प्रधानमन्त्रीको सचिवालयमा बुझाइसकेको छु । अरूले केके गरेका छन् थाहा छैन ।' सार्वजनिक पदधारण गरेका व्यक्तिले पदवहाली भएको ६० दिनभित्र सम्पत्ति विवरण सार्वजनिक गर्नुपर्ने कानुनी व्यवस्था छ ।

### चुनावी...

वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेल र महासचिव शंकर पोखरेल, नेकपा माओवादी केन्द्रबाट वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, सचिव वर्षमान पुन सहभागी थिए ।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट कार्यवहाक सभापति डिपी अर्याल र सहमहामन्त्री विपिन कुमार आचार्य, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट प्रवक्ता ज्ञानेन्द्र शाही र मिना लामा, नेकपा एकीकृत समाजवादीबाट उपाध्यक्ष राजेन्द्र पाण्डे र महासचिव धनश्याम भुसाल सहभागी थिए । त्यस्तै, जनता समाजवादी पार्टीबाट रेनु यादव, जनमत पार्टीबाट चन्द्रकान्त राउत र डा. जयकुमार राउत, लोकतान्त्रिक समाजवादी पार्टीबाट ज्ञानेन्द्र झा र सर्वेन्द्रनाथ शुक्ला, नागरिक उन्मुक्ति पार्टीबाट रेशम चौधरी र नेपाल मजदुर किसान पार्टीबाट सुनिल प्रजापति, जसपा नेपालबाट विद्युत् बज्राचार्य र प्रकाश अधिकारी सहभागी थिए ।

### जेनजीमा...

नेताहरूको भागदौड चलेपछि प्रचण्डका सुरक्षागार्डले बाहिर जाने स्थिति नरहेको जानकारी गराए । तर उनलाई न कसैले कतै लग्यो न त कसैले बोलायो । उनले सिंहदरबारबाटै सेनापति अशोकराज सिग्देललाई फोन गरे । सेनाले उनलाई सैनिक हेडक्वार्टर लगेर सुरक्षित राख्यो ।

प्रचण्डलाई सेनाले जोगाएको भन्ने लागेको छैन । 'अल्टिमेट्ली हेर्दा त सेनाले बचायो । हामीलाई बचाउने सेनाले सिंहदरबार किन बचाउन सकेन ? सर्वोच्च अदालत र राष्ट्रपति भवन किन बचाउन सकेन ? हेर्दा बडो अनौठो चित्र अनुभूत हुन्छ,' उनले भने, 'जे भए पनि सेनाकै हेडक्वार्टरमा बसेर सकुशल आउँदा सेनालाई धन्यवाद त दिनै पर्‍यो नि । नबचाउन चाहेको भए त हामी मुठीको (माखा)जस्तो भएका थियौं नि, किचिक्कै हुने ठाउँमा पुगेका थियौं । त्यसो त भइएन । के कारणले भइएन ?'

पूर्वप्रधानमन्त्री प्रचण्डले प्रस्टैसँग भूराजनीतिक चलखेल र सन्तुलनले जोगाएको बताएका छन् । 'गहिरिएर विचार गर्दा हामीलाई भूराजनीतिक शक्ति सन्तुलनले बचाएको हो जस्तो लाग्छ । सबैको एउटै कुरा भएको भए हामी जे पनि हुन सक्थ्यौं,' उनले भने, 'नत्र बच्ने स्थिति थिएन ।'

उनी योभन्दा धेरै खुलेनन् । तर राष्ट्रिय स्वाधीनताका लागि दलहरूबीच सहमतिको खाँचो भने औंल्याएका छन् । सँगै, संविधान संशोधन र तोकिएकै समयमा आमचुनाव गरेर ट्र्याकबाहिर पुगेको संविधानलाई फर्काउनुपर्नेमा उनको जोड छ । 'हामीले देखिसक्यौं, स्वतन्त्रता र स्वाधीनताको रक्षा एवं सुदृढीकरणका लागि अब दलहरू एक ठाउँ उभिनुपर्छ,' प्रचण्डले भने, 'त्यसका लागि संकटको यस घडीमा एकअर्कालाई दोषारोपण गरेर कोही पनि उम्किन मिल्दैन ।'

हामी बचियो कसरी ? प्रचण्ड

सेनाले बचाएको हो कि ? जनताले बचाएको हो कि ? हाम्रो पार्टीका साथीहरूले बचाएका हुन् कि ।

**कसले बचायो ?**

अल्टिमेटली हेर्दा त सेनाले बचायो । हामीलाई बचाउने सेनाले सिंहदरबार किन बचाउन सकेन ? सर्वोच्च अदालत र राष्ट्रपति भवन किन बचाउन सकेन ? हेर्दा बडो अनौठो चित्र अनुभूत हुन्छ । बडो बिचित्र लाग्छ । हामीलाई त बचायो । मैले धन्यवाद दिएँ, हामीलाई बचाएकोमा धन्यवाद त दिनै पर्‍यो । नबचाउन चाहेको भए त हामी मुठीको (माखा)जस्तो भएका थियौं नि, किचिक्कै हुने ठाउँमा पुगेका थियौं । त्यसो त भइएन । के कारणले भइएन । जे भए पनि सेनाकै हेडक्वार्टरमा बसेर सकुशल आउँदा सेनालाई धन्यवाद त दिनै पर्‍यो नि । तर, गहिरिएर विचार गर्दा हामीलाई भूराजनीतिक शक्ति सन्तुलनले बचाएको होजस्तो लाग्छ । नत्र बच्ने स्थिति थिएन । सबैको एउटै कुरा भएको भए हामी जे पनि हुन सक्थ्यौं ।

हामीलाई बचाउने सेनाले सिंहदरबार, सर्वोच्च र राष्ट्रपति भवन किन बचाएन ?

प्रधानमन्त्रीलाई त हेलिकोप्टरबाटै लैजाने काम भयो, त्यो पनि दौडादौड । अरू नेतालाई पनि । म मात्र त्यस्तो नेता भए जसलाई कसैले लगेको पनि होइन, कसैले बोलाएको पनि होइन । सिंहदरबारभित्रै थिए, प्रतिपक्षको बैठकमा । बैठक गर्दै जाँदा ढिलो भयो । बाहिर वातावरण असहज भयो, अहिले बाहिर जान उचित छैन । तुलनात्मक रूपमा सुरक्षा यही छ भनेर सेक्युरिटीले भनेपछि त्यहाँ बसे म । त्यहाँबाट प्रधान सेनापतिसँग सम्पर्क गरेर हामी यही बस्न पर्ने भयो भनेपछि आफैंले सेनासँग सम्पर्क गरेर सेनाकोमा गएको म मात्र रहेछु । यसलाई राम्रो, नराम्रो सबैले मूल्यांकन गर्दा हुन्छ । प्रत्यक्ष रूपमा संवाद गर्ने, सम्माननीय राष्ट्रपतिसँग दिनमा तीन/चारपटक संवाद गर्ने र परिस्थिति कसरी सहज बनाउन सकिन्छ ? भन्नेबारे सुझाव राख्ने अवसर पनि भयो । सेनापतिलगायतसँग संवाद गर्ने र परिस्थिति कसरी सहजीकरण गर्न सकिन्छ भन्ने अवसर पनि प्राप्त भयो । प्रधानसेनापतिले नै बोलाएर राष्ट्रपतिले रातभरि छलफल गरेको पनि थाहा पाइसक्नुभयो ।

एउटा बिन्दुमा यो भयानक एपिसोड भयो यसलाई तत्काललाई सुशीला कार्कीलाई प्रधानमन्त्री बनाउने, अघिल्लो प्रधानमन्त्रीको सिफारिसमा संसद्बाट अनुमोदन गराउने भर्चुअल मिटिङबाट भए पनि गरौं भन्ने थियो । त्यो हुन सकेन । संविधान केही ट्र्याक आउट त भएको छ असहमति पनि छ तर ६ महिनापछि निर्वाचन गर्ने घोषणा भइसकेको स्थितिमा अब हामी निर्वाचनतिरै लाग्नुपर्छ ।

### राहत...

राजपुर-१ कै रुबी खातुन अहिले छिमेकीको घरमा आश्रय लिएर बसिरहेकी छन् । बाढी आएपछि घरमा बस्ने अवस्था छैन । घरमा रहेको लताकपडा तथा अन्न भिजिसकेका छन् । सुकाएर कपडा प्रयोग गर्न सकिने भए पनि अनाज सबै बिग्रेपछि तनाव छ ।

गौर नगरपालिका-२ का इन्द्रजित रामको घर पनि डुबानमा पर्‍यो । बाढीको पानी घरमा पसेपछि घरभित्र राखिएका लताकपडा तथा अन्न सबै भिजे । हाल उनको परिवार सेफ हाउसभित्र आश्रय लिएर बसिरहेको छ । बाढी र डुबानपछि बर्सेनि सरकारले विभिन्न राहतको प्याकेज घोषणा गरे पनि नागरिकले केही नपाएको उनको गुनासो छ ।

### १५ हजार...

साहलाई दशैं पछाडि ठुलो वर्षा भएको अनुभव छैन । उनी कातिकमा कहिलेकाहिँ पानी परेको भए पनि ठुलो क्षति हुने खालको वर्षा नभएको बताउँछन् । उनले वर्षा हुनुभन्दा एक दिन पहिले करिब ६ कट्ठा धान काटेका थिए । पाकिसकेको गदर धान डुबानमा पर्‍यो, अहिले खेतमै उम्रिन थालेको छ । यसले उनी दुःखी छन् । उनले ६ कट्ठा खेतमा अनुमान गरेको भन्दा आधा मात्रै धान भित्र्याउन सके ।

उनी भन्छन्, 'काटेकोमध्ये केही धान बिग्रेको छ । तर मुख्य चिन्ता त अगहनुवा धानको हो । अब धानमा दाना नै लाग्दैन ।'

राजदेवी नगरपालिका-३ का राम नरेश पण्डितले आफ्नो करिब एक बिघा खेतमा अगहनुवा (मन्सुली र सरिहन) धान लगाएका छन् । तर उनको करिब १५ कट्ठाको धान खेतमा लडेको छ ।

कृषि ज्ञान केन्द्रका प्रमुख सुरेन्द्र,साद कुर्मीले करिब १५ हजार हेक्टर धानवाली पूर्णरूपमा नष्ट भएको अनुमान गरेको बताए ।

'फूल लागेको धान डुबानमा परेपछि बाली लाग्ने सम्भावना हुँदैन' उनी भन्छन्, 'बाली लागिसकेको र पाकेको धानमा पनि टुसा आएको छ । यो अत्यन्त जटिल अवस्था हो ।'

अर्थात् किसानहरू विभिन्न कोणबाट चिन्तामा छन् । सरकार भने तथ्यांक संकलनमै छ । विपद् आएको केही दिन बितिसक्दासमेत क्षतिको यकिन तथ्यांक छैन ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७८/०१/०१ मा दर्ता भएको **प्रा. लि. नं. २७७१३१** को **उन्नती अनलाइन सपिङ प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०६/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**बहराइनमा रोजगार**
कम्पनी: AL SAIL TRANSPORT | हर: MANAMA
पूर्व स्वीकृत मिति: २०८१/१२/२८ | चलानी नं.: ६०२३६०४८ | L.T. No.: 321846 | पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Drivers | 5 | 0 | स. काममा दक्ष | 150 | ५६,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक १ गते (18 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**टि. जि. एल. नेपाल प्रा. लि.**
बसुन्धारा, काठमाडौं, (नापी कार्यालय अगाडी), फोन: ५९०६२५२ फ्याक्स: ५९०६२५३
श्रम इजाजत नं. ८५३/०६६/०६७

**मलेसियामा रोजगार**
कम्पनी: VESCAPE SECURITY SDN BHD | शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०८२/०६/२४ | चलानी नं.: ६०२४५९०६ | L.T. No.: 332244

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 20 | 0 | स. काममा दक्ष | 1700 | ५७,१५४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक १ गते (18 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० रोजगारदाताले | रु. १,५०० रोजगारदाताले | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Govt.Lic.No 1574/079/080
**AVIOSUPPORT HUMAN RESOURCES PVT LTD**
Ratopool Ghaushala, Kathmandu, Tel.: 5914474.
Email: info@aviosupporthr.com, Web: www.aviosupporthr.com

# सार्वजनिक संरचनामा पुनर्निर्माण गर्न बजेट रकमान्तर गरिने

**काठमाडौं/मस–** चालू आर्थिक वर्षको बजेटमा समावेश आयोजनाका लागि रकमान्तर गरी बजेट थप गर्नुपर्ने भएमा त्यस्तो आयोजनामा रकमान्तरको सीमा कायम नहुनेगरी गर्न आदेश जारी गर्ने निर्णय गरेको छ।

मन्त्रिपरिषद्‌को बिहीबारको बैठकले जेनजी आन्दोलनका क्रममा भदौ २३ र २४ गते भएको सार्वजनिक संरचनाको क्षतिको पुनर्निर्माण, मर्मतसम्भार, क्षतिबाट प्रभावितका लागि राहत तथा आर्थिक पुनरुत्थान र सार्वजनिक सेवा सञ्चालन गर्नका लागि यस्तो निर्णय गरिएको शुक्रबार आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले जानकारी दिए। प्रतिनिधिसभाको निर्वाचन गर्न तथा यस आर्थिक वर्षमा भएका विपद्‌बाट उत्पन्न विशेष परिस्थितिका लागि आवश्यक पर्ने रकम व्यवस्थापन गर्न पनि बजेट रकमान्तर गर्ने निर्णय



मन्त्रिपरिषद्‌ले गरेको हो।

सार्वजनिक आर्थिक व्यवस्थापनको सवलीकरण र सेवा प्रवाहको प्रभावकारितासम्बन्धी कार्यक्रमका लागि एसियाली विकास बैंकबाट १०० मिलियन अमेरिकी डलर बजेटरी सहायताका रूपमा सहुलियतपूर्ण ऋण सहायता प्राप्त गर्ने वार्ता गर्न अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा वार्ता टोली गठन गर्ने निर्णय पनि भएको मन्त्री खरेलले जानकारी दिए। आगामी कात्तिक ३ देखि ५ गतेसम्म स्वीट्जरल्याण्डको जेनेभामा आयोजना हुने संयुक्त राष्ट्रसंघीय व्यापार र विकाससम्बन्धी १६औँ सभामा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रीलाई स्वीकृति दिने निर्णय पनि भएको छ।

शर्तहरू पालना गर्नेगरी नेपाल विद्युत् प्राधिकरणको स्रोत व्यवस्थापन गर्न रु २० अर्बबराबरको ऋणपत्र/ऊर्जा बण्ड चरणबद्ध रूपमा निष्काशन गर्न नेपाल विद्युत् प्राधिकरणलाई स्वीकृति प्रदान गरिएको छ। नेपाल न्याय सेवा, न्याय समूह, राजपत्राङ्कित प्रथम श्रेणीका आठ जना अधिकृतको सरुवा गरिएको छ।

बैठकले पेरुको लिमामा आगामी मंसिर १० र ११ गते आयोजना हुने खाद्य र कृषि एवं बिरुवा वंशाणुसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिसम्बन्धी कार्यक्रममा सहभागी हुन कृषि तथा पशुपन्छी विकासमन्त्री डा.मदनप्रसाद परियारलाई स्वीकृति दिने निर्णय गरेको छ। यही असोज १९ र २० गते गृह मन्त्रालयले दिएको सार्वजनिक बिदालाई समर्थन गरिएको छ।

इलाम जिल्लालाई तीन महिनाका लागि विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय भएको छ। कोलकातास्थित नेपाली महावाणिज्य दूतावासको स्वामित्वमा रहेको ४०९.५३ वर्गमिटर जग्गासँग साँध जोडिएको भारतीय रेल विकास निगम लिमिटेडको स्वामित्वमा रहेको ५२६.३४ वर्गमिटर जग्गासँग सट्टापट्टा गर्न स्वीकृति दिने निर्णय भएको पनि उनले सुनाए।

आगामी कात्तिक १७ देखि २२ गतेसम्म फ्रान्समा आयोजना हुने सहरी केबलकार प्रणालीसम्बन्धी कार्यक्रममा सहभागी हुन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव रविलाल पन्थलाई स्वीकृति प्रदान गरिएको छ। राजपत्राङ्कित प्रथम श्रेणीका १५ जना सहसचिवको सरुवा गरी कामकाजमा खटाइएको छ। सहरी विकाससम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तथा नगर विकास कोषसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक तर्जुमाका लागि सैद्धान्तिक स्वीकृति दिइएको छ।

# जेनजी आन्दोलनमा बल प्रयोग गर्न आदेश दिएको थिइनँ : लेखक

**काठमाडौं/मस–** तत्कालीन गृहमन्त्री रमेश लेखकले भदौ २३ गते जेनजी पुस्ताले गरेको प्रदर्शनमा बल प्रयोग गर्न कुनै आदेश नदिएको स्पष्ट पारेका छन्।

शुक्रबार नेपाली कांग्रेसको केन्द्रीय कार्यालय सानेपामा सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै लेखकले भने,'प्रधानमन्त्री वा गृहमन्त्रीले बल प्रयोगको आदेश दिने भन्ने कुरा यस्ता विषयमा लागू हुँदैन। न त प्रधानमन्त्रीज्यूबाट, न त मेरो तर्फबाट कुनै यस्तो आदेश जारी गरिएको थियो।'



उनले प्रदर्शनका क्रममा भएको जनधनको क्षति, सरकारी तथा निजी सम्पत्तिमा भएको आगजनी र तोडफोडप्रति दुःख व्यक्त गर्दै तत्कालै गृहमन्त्री पदबाट राजीनामा दिएको स्मरण गरे। 'धेरैको ज्यान गयो, सम्पत्तिको नोक्सानी भयो। यो घटनाले मलाई गहिरो दुःख लागेको छ,'उनले भने।

लेखकले जेनजी पुस्ताले उठाएका मुद्दाहरूलाई गम्भीरतापूर्वक बुझेर लोकतान्त्रिक मूल्य र मान्यताका आधारमा समाधान खोज्नुपर्नेमा जोड दिए। 'अहिलेको समयमा उत्तेजना, आग्रह, पूर्वाग्रह वा प्रतिशोधबाट माथि उठेर काम गर्नुपर्छ। सबै राजनीतिक दलले जिम्मेवारीपूर्वक विधिको शासन स्थापित गर्न योगदान गर्नुपर्छ,'उनले थपे। जेनजी आन्दोलनको पहिलो दिनमै राजीनामा दिएका लेखकले मुलुकलाई सही दिशामा लैजान सबै पक्षले संयम र जिम्मेवारीका साथ अघि बढ्नुपर्ने बताए।

# उम्मेदवार छनोट विधिका लागि रास्वपाद्वारा कार्यदल गठन

**काठमाडौं/मस–** राष्ट्रिय स्वतन्त्र पार्टीले अगामी २१ फागुनमा हुने प्रतिनिभि सभाको निर्वाचनका लागि एकीकृत निर्वाचन खाका अन्तर्गतको उम्मेदवार छनोट विधिको लागि सुझाव संकलन कार्यदल गठन गरेको छ।

शुक्रबार पार्टी केन्द्रीय कार्यालयमा बसेको पार्टी सचिवालय बैठकले सहमहामन्त्री विपिनकुमार आचार्यको संयोजकत्वमा सातै प्रदेशका सभापति तथा केन्द्रीय निर्वाचन आयोगका प्रतिनिधि समेतच रहनेगरी सुझाव संकलन कार्यदल गठन गर्ने निर्णय गरेको केन्द्रीय सदस्य सोविता गौतमले जानकारी दिए।

उनकाअनुसार बैठकले वर्तमान राजनीतिक परिवेशमा राष्ट्रिय हित, एकता र सौहार्दता प्रवर्द्धनका लागि विभिन्न सामाजिक, राजनीतिक शक्ति र समूहसँग वार्ता गर्न गठित संवाद समितिको संयोजकको जिम्मेवारी पार्टी उपसभापति स्वर्णिम वाग्लेलाई दिइएको छ। बैठकले पार्टी केन्द्रीय समितिको विस्तारित बैठक आगामी कार्तिक १४ र १५ गते चितवनमा गर्ने र त्यसको लागि केन्द्रीय सदस्य हरी



ढकालको नेतृत्वमा व्यवस्थापन समिति गठन गर्ने निर्णय गरेको पनि गौतमले बताए।

बैठकले असोजको तेस्रो साता आएको विपद्‌को प्रतिकार्य, राहत र उद्धारमा भएको प्रशंसनीय कार्यका लागि धन्यावाद दिँदै पार्टीको तर्फबाट थप सक्दो प्रयास गर्ने निर्णय भएको पनि उनको भनाइ छ। उनकाअनुसार पार्टीले सल्लाहकार परिषद् गठनको प्रक्रिया सुरु गर्दै विभिन्न विज्ञहरुलाई मनोनित समेत गरेको छ।

# प्रवासी म्याग्देलीको रक्तदान कार्यक्रम, ३० पिन्ट रगत संकलन

**तिलु शर्मा पौडेल/मध्यान्ह**
म्याग्दी, २४ असोज

मोना कतार बहुउद्देश्यीय अक्षयकोषको आयोजनामा म्याग्दी सदरमुकाम बेनीमा रक्तदान कार्यक्रम सम्पन्न भएको छ। उक्त रक्तदान कार्यक्रममा ३० पिन्ट रगत संकलन भएको छ। सामाजिक एवम् मानवीय सेवामा सक्रिय अक्षयकोषको आयोजनामा शुक्रबार बेनी अस्पतालको प्रांगणमा सम्पन्न दोस्रो बृहत् रक्तदान कार्यक्रम-२०८२ मार्फत उक्त रगत संकलन भएको हो।

रक्तदान कार्यक्रम क्रमशः मोना कतार, जापान, युएई, क्रोएसिया, बहराइन, कुवेत, मलेसिया, राखु समाज अस्ट्रेलिया, राखु समाज अमेरिका, गण्डकी प्रदेश समन्वय परिषद् कतार र बागलुङ सेवा समाज कतार अक्षयकोषको सहआयोजना रहेको थियो। कोषका अध्यक्ष विक्रम कार्कीको सभाध्यक्षता तथा गण्डकी प्रदेशसभाका सदस्य माननीय हरि भण्डारीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमलाई सम्बोधन गर्दै भण्डारीले



प्रवासी म्याग्देलीको सीप र अनुभवलाई जिल्लामा प्रयोग गर्ने वातावरण बनाउनुपर्ने बताए।

सोही अवसरमा बेनी नगरपालिकाका मेयर सुरत केसीले शुभकामना मन्तव्य राख्दै रक्तदान र रगतको महत्व त्यस्तो अभावमा छटपटिएकाले मात्र बुझ्ने बताए। यसैबीच म्याग्दीमा सबैभन्दा धेरै ८५ पटक रक्तदान गर्ने मेयर केसीलाई सम्मान समेत गरिएको थियो।

नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा म्याग्दीको प्राविधिक सहयोग रहेको कार्यक्रमलाई सम्बोधन गर्दै रेडक्रसका सभापति अमर बानियाँले म्याग्दीमा रगतको अभावकै कारण कसैले ज्यान गुमाउन नपरेको र यहाँ संकलन भएको रगतलाई बाहिरी जिल्ला तथा प्रदेशमा समेत पठाउने गरिएको बताए। रक्तदान कार्यक्रममा बागलुङ नगरपालिकाका उपमेयर राजु खड्का, मोना अन्तर्राष्ट्रियका कोषाध्यक्ष नरेन्द्र फगामी र नेपाल पत्रकार महासंघ म्याग्दीका अध्यक्ष हरिकृष्ण गौतमले लगायतले शुभकामना मन्तव्य राखेका थिए।

म्याग्दीमा आपतकालिन र प्रकोपमा परेका व्यक्तिहरू, रक्तस्रावसँग सम्बन्धित रोग वा समस्या भएका, शल्य प्रक्रियामा रहेका बिरामीहरू,गम्भीर रक्त अल्पता भएका गर्भवती महिलाहरू लगायत उपचारमा रगतको आवश्यकता पर्दा तत्कालै रक्तदान गर्नेहरूको संख्या समेत धेरै छन्। रक्तदान कार्यक्रममा सहभागीलाई ढाका टोपी र सम्मान पत्र वितरण गरिएको थियो भने कोषलाई प्राविधिक सहयोग गर्ने भिमनाथ शर्मालाई समेत सम्मान गरिएको थियो।

कोषका कोषाध्यक्ष रमेश पौडेल स्वागत मन्तव्य राखेको कार्यक्रमको समापन गर्दै सभाध्यक्ष कार्कीले प्रवास र जिल्लामा रहेका नागरिकहरूसँग मिलेरै १ करोडको अक्षयकोष स्थापना गरी कतारबाट फर्किएका म्याग्देलीहरु तथा जिल्लाका विभिन्न क्षेत्रमा सहयोग गर्ने योजना रहेको बताए।

# 'राजीनामाको चेतावनी दिएको छैन'

**काठमाडौं/मस–** नेपाल प्रहरीका महानिरीक्षक (आइजिपी) चन्द्रकुबेर खापुङले पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्न दबाब आए राजीनामा दिने भन्ने कुनै पनि अभिव्यक्ति आफूले नदिएको स्पष्ट पारेका छन्।




शुक्रबार एक विज्ञप्ति जारी गर्दै केन्द्रीय प्रहरी प्रवक्ता एवं डिआइजी विनोद घिमिरेले आइजिपी खापुङले त्यस्तो अभिव्यक्ति नदिएको स्पष्ट पारेका हुन्।

विज्ञप्तिमा भनिएको छ, 'प्रहरी महानिरीक्षकले कुनै पनि मञ्च वा छलफलमा यस्तो आशयको कुरा व्यक्त गर्नुभएको छैन। विभिन्न सञ्चारमाध्यममा आएका यस्ता समाचार निराधार छन्।' हालै प्रधानमन्त्री र गृहमन्त्रीसँग भएका सुरक्षा बैठकहरूमा समसामयिक घटनाक्रम र तिनले निम्त्याउन सक्ने सुरक्षा चुनौतीको विश्लेषणमा मात्र छलफल केन्द्रित रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ। 'शान्ति र सुव्यवस्था कायम राख्ने विषयमा सौहार्दपूर्ण ढंगले छलफल भएको छ। कुनै पनि बैठकमा पक्राउ वा राजीनामासँग सम्बन्धित कुरा उठेको छैन,' विज्ञप्तिमा उल्लेख छ।

यसअघि सोमबार राति गृह मन्त्रालय र बालुवाटारमा भएको छलफलमा ओली र लेखकविरुद्ध जाहेरी दर्ता गर्ने वा तत्काल पक्राउ गर्ने विषयमा कुराकानी भएको भन्ने समाचार बाहिरिएका थिए। यद्यपि, प्रहरीले यस्ता कुराकानीमा सुरक्षा चुनौतीको विश्लेषण मात्र भएको र कुनै विवादास्पद निर्णय नभएको प्रष्ट पारेको छ।

'हामी शान्ति र सुव्यवस्था कायम राख्न प्रतिबद्ध छौं। भ्रामक समाचारले जनमानसमा भ्रम सिर्जना गर्न सक्ने भएकाले यथार्थ जानकारीका लागि आधिकारिक स्रोतलाई मात्र आधार मान्न अनुरोध छ,' विज्ञप्तिमा भनिएको छ।

यो प्रकरणले प्रहरी नेतृत्वमाथि अनावश्यक विवाद सिर्जना भएको भन्दै प्रहरीले सबैलाई तथ्यमा आधारित समाचार प्रवाह गर्न आग्रह गरेको छ।

# 'शान्ति सुरक्षा कायम गर्न सेनाले पहल गरेको छ'



**काठमाडौं/मस–** नेपाली सेनाले आफ्नो संगठनसम्बन्धी जानकारी लिन जनसम्पर्क तथा सूचना निर्देशनालयसँग सम्पर्क गरी यथार्थपरक सूचनाहरू सम्प्रेषण गरिदिन आमजनसमुदायमा अपिल गरेको छ।

सेनाले आफ्नो धारणा र गतिविधिहरू नियमित रूपमा प्रेस विज्ञप्ति, प्रेस नोट र आधिकारिक सामाजिक सञ्जालमार्फत सार्वजनिक गर्दै आएको तथ्यसमेत जानकारी गराएको छ।

गत भदौ २३ र २४ गतेको विषम परिस्थितिलाई सामान्यीकरण गर्ने सम्बन्धमा नेपाली सेनाले वहन गरेको भूमिकाप्रति विद्वत्वर्ग, समाजसेवी, सञ्चारकर्मी तथा आमनागरिकबाट प्राप्त भएका विभिन्न राय, सुझाव तथा समालोचनात्मक अभिव्यक्तिप्रति आभारसमेत व्यक्त गरेको छ।

आन्तरिक सुरक्षामा पर्न सक्ने असरलाई वस्तुपरक ढंगले मूल्यांकन गरी छिटोभन्दा छिटो शान्ति सुरक्षा कायम गर्ने उद्देश्यका साथ सेनाले आवश्यकतानुसार पहल गरेको समेत स्पष्ट पारेको छ।

हालको संवेदनशील अवस्थामा विभिन्न सञ्चारमाध्यम र सामाजिक सञ्जालमार्फत संस्था र नेतृत्वलाई जोडेर विभिन्न प्रकारका टीकाटिप्पणी र धारणाहरू सम्प्रेषण भएकामा नेपाली सेनाको ध्यानाकर्षण भएको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ।

# तिहारमा काठमाडौंका ३२ स्थानबाट मात्रै फूलमाला बिक्री गर्न पाइने

**काठमाडौं/मस–** काठमाडौं महानगरपालिकाले तिहारमा फूलमाला बिक्री वितरणका लागि ३२ वटा स्थानहरु तोकेको छ।

शुक्रबार पत्रकार सम्मेलन गर्दै महानगरले फूलमाला विक्री वितरणका लागि ३२ वटा स्थान तोकेको हो। तिहारमा हुने अव्यवस्थित फूलमालाको बजार व्यवस्थापन गर्न ३२ स्थान तोकेको महानगरले जनाएको छ। महानगर क्षेत्रभित्रका ३२ स्थानमा हुने फूलमाला बिक्री तथा वितरण केन्द्रबाट नेपाली किसानले उत्पादन गरेका फूलमाला मात्रै बिक्री गर्न पाइनेछ। महानगरले विशेष गरी स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने उद्देश्यसहित यस्तो कदम चालेको बताएको छ।



महानगरका अनुसार यी वितरण केन्द्रहरुबाट नेपालमै उत्पादन भएका फूल र मालाहरु मात्र विक्री गरिनेछन्। विगतमा भारत लगायत अन्य मुलुकबाट आयात गरिने फूलमालालाई प्रतिस्थापन गर्न तथा नेपाली कृषक र स्थानीय उद्यमीलाई बजार उपलब्ध गराउने काठमाडौं महानगरपालिकाका नगर प्रहरी प्रमुख राजुनाथ पाण्डेले बताए। नगर प्रहरी प्रमुख पाण्डेका अनुसार महानगरले नयाँ बानेश्वरको एन.वि. सेन्टर, शंखमुलको विग मार्ट, नयाँ बानेश्वरको आई प्लेक्स महल, मध्यबानेश्वर सेल्स बेरी, बत्तिसपुतलीको फोनेक्स टावर, तिनकुनेको तिनकुने चौर, सिफलको सिफल चौर, चावहिलको एस पी कम्लेक्स, गणेशस्थानको तरकारी बजार, केयल टावर अगाडि र चावहिल सेन्टर अगाडि, स्वयम्भुको धर्म चौक पार्क, कालीमाटिको कालीमाटी बाङ्क्यूट र द्यौखेल, कलंकीको भाटभटेनी, नयाँ बजारको भ्याली कोल्ड स्टोर, माछापोखरीको बुद्ध महल र गुणस्तर खाल्डो, हाँडिगाउँको ५ वडा अगाडिको डबली र ५ वडा गणेश मन्दिर डबली, सामाखुसीको कोईराला स्मार्टः २६ वडा सामाखुसी, महाराजगञ्जको सेल्स बेरी, गोंगबुको बिगमार्ट, चपलकारखानाको बिगमार्ट, बालुवाटारको बिगमार्ट, कामलादीको आईटि बिल्डिङ्ग, पुतली सडकको स्टार महल, अनामनगरको भाटभटेनी, टेवल मन्दिर परिसर, सुन्धरको काठमाडौं महल, वडा नम्बर २८ अद्वैतमार्गको वडा कार्यालय बनाउने ठाउँमा र न्यूप्लाजा बज्र कम्लेक्सको गुड मार्टमा बिक्री वितरण केन्द्र स्थापना गर्ने बताए।

उनले अवैध रुपमा विदेशी फूलमाला ल्याइ बेचेको पाइए महानगर प्रहरीलाई सूचना दिन आग्रह गरे। उनले नेपाली उत्पादनलाई प्रोत्साहन गर्न आह्वान गरे। नगर प्रहरी प्रमुख पाण्डेले नेपालीमा उत्पादित फूलहरुलाई प्रचारप्रसार गर्न पनि आग्रह गरे। छिमेकी मुलुकबाट आएका अवैध फूलहरु बिक्री गरेको पाइए विगतझैँ अहिले पनि अनुगमन गरी कारबाही गर्ने चेतावनी दिए।

# 'नेपाललाई विपद् प्रतिकार्यमा थप सहयोग गर्न तयार छौं'



**काठमाडौं/मस–** काठमाडौं राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख इन्जिनियर दिनेशप्रसाद भट्ट र संयुक्त राष्ट्रसंघीय आवासीय संयोजक हाना सिंगर हाम्डीबीच भेटवार्ता भएको छ। शुक्रबार अपरान्ह सिंहदरबारस्थित प्राधिकरणको कार्यालयमा शिष्टाचार भेट भएको हो। भेटवार्तामा पछिल्लो मनसुनी विपद्‌पश्चातको राहत तथा सुरुवाती पुनर्स्थापनाबारे छलफल भएको छ।

भेटवार्तामा कार्यकारी प्रमुख भट्टले पछिल्लो मनसुनी विपद्‌बाट खासगरी इलाममा भएको जनधनको क्षतिबारे जानकारी गराउँदै हाल भइरहेको राहत तथा पुनर्स्थापनाका भइरहेको पहलहरुबारे जानकारी गराए। त्यसक्रममा, कार्यकारी प्रमुख भट्टले भारीदेखि अति भारी वर्षाको प्रक्षेपण प्राप्त भएपश्चात जनधनको क्षति कम गर्न भएका पूर्वसूचना, पूर्वकार्य र प्रतिकार्य पहलहरुबारे पनि उल्लेख गरे। उनले बाढीले परेको प्रभावबारे जानकारी लिएको र आफूले गर्नसक्ने सहयोग गर्न तयार रहेको बताएको जानकारी दिए।

राष्ट्रसंघीय आवासीय संयोजक हाम्डीले सबैभन्दा धेरै प्रभावित भएको इलाममा खाद्य एवं गैरखाद्य राहत, खानेपानी तथा सरसफाइ सम्बन्धी सहयोग र पुनर्स्थापनाका लागि संयुक्त राष्ट्रसंघीय निकायहरुले तत्काल उपलब्ध गराउनसक्ने सहयोगबारे जानकारी गराएको बताइन्।

पढ्नेका कुरा

# पुस्तक पढ्ने बानी बनाऔं

*आजको प्रतिस्पर्धात्मक युगमा सफल हुन केवल डिग्री मात्र होइन, ज्ञान, सोच, दृष्टिकोण र व्यवहार पनि उत्तिकै आवश्यक छन् । ती सबैको मूल स्रोत नै पुस्तक हो ।*



■ जनक बराल


मानव सभ्यताको विकासमा लेखन र अध्ययनको महत्वपूर्ण भूमिका रहिआएको छ । आजको आधुनिक समाज ज्ञान, विज्ञान, प्रविधि र मानवतावादी मूल्यमा आधारित छ, जसको मूल आधार नै पुस्तक हो । पुस्तक ज्ञानको भण्डार हो, जसले मानिसलाई न केवल सूचनामा पहुँच दिन्छ, सोच्ने, बुझ्ने र विवेकपूर्ण निर्णय लिन प्रेरित पनि गर्छ । वर्तमान डिजिटल युगमा इन्टरनेट, सामाजिक सञ्जाल र प्रविधिको आकर्षणका कारण मानिस पुस्तकमाथि भन्दा स्क्रिनतिर बढी आकर्षित हुने प्रवृत्ति देखिन्छ । तथापि, पुस्तक पढ्ने बानी अझै पनि जीवनको उन्नति र आत्मविकासका लागि अत्यन्तै आवश्यक छ ।

पुस्तक पढ्नुको प्रमुख कारण नै ज्ञान प्राप्ति हो । तर ज्ञान मात्र होइन, पुस्तकले व्यक्तिको सोच्ने तरिका, बोलीचाली, लेखन शैली र व्यवहारसम्म परिवर्तन गर्छ । बच्चादेखि वृद्धसम्म सबैका लागि पुस्तक पढ्नु उपयोगी हुन्छ । बाल्यकालमा पढिने पुस्तकहरूले बालबालिकाको सोच र चरित्र निर्माणमा टेवा पुऱ्याउँछ भने युवावस्थामा पढिने पुस्तकहरूले लक्ष्य निर्धारण, नेतृत्व दक्षता, निर्णय क्षमता र आत्मविश्वास निर्माणमा सहयोग पुऱ्याउँछ । प्रौढ अवस्थाका मानिसका लागि भने पुस्तक मानसिक सन्तुलन र जीवन दर्शन बुझ्ने माध्यम बन्छ ।

पुस्तक पढ्ने बानीले मानिसको भाषा सिपमा सुधार ल्याउँछ । कुनै पनि भाषा प्रवाहपूर्वक बोल्न, लेख्न वा बुझ्न नियमित अध्ययन आवश्यक हुन्छ । पुस्तक पढ्दा शब्द भण्डार बढ्छ, वाक्य संरचना बुझिन्छ र व्याकरण पनि आत्मसात् हुन थाल्छ । यसका साथै पुस्तक पढ्ने बानीले मानसिक अनुशासन पनि सिकाउँछ । कुनै पुस्तक पढ्न निरन्तरता, एकाग्रता र धैर्य चाहिन्छ, जसले मानिसमा आत्मनियन्त्रण र अनुशासनको विकास गर्छ ।

मानसिक स्वास्थ्यका दृष्टिकोणले पनि पुस्तक पढ्ने बानी अत्यन्त उपयोगी छ । मनोवैज्ञानिकहरूका अनुसार पढाइ तनाव कम गर्ने, चिन्ता हटाउने र दिमागलाई सक्रिय राख्ने क्रियाकलाप हो । अध्ययनले एकाग्रता बढाउँछ, स्मरण शक्ति सुधार गर्छ र मानसिक थकान कम गर्छ । खासगरी जीवनका कठिन मोडमा आत्म सहायता वा प्रेरणात्मक पुस्तकहरूले मानिसलाई सकारात्मक सोच बनाउन मद्दत पुऱ्याउँछन् ।

पुस्तकले हामीलाई भौगोलिक सिमाना र समयको बन्धनबाट मुक्त गरिदिन्छ । एकैछिनमा हामी इतिहासको कुनै कालखण्डमा पुग्न सक्छौं, विश्वका कुनाकाप्चा चहार्न सक्छौं वा विज्ञान, दर्शन, साहित्य र कला संसारमा रमाउन सक्छौं । यथार्थको सीमितता पार गरेर कल्पनाको दुनियाँमा डुब्न सकिने माध्यम पनि पुस्तक नै हो । यसले मानिसको कल्पनाशीलता, सिर्जनात्मकता र संवेदनशीलतालाई प्रस्फुटित गर्छ ।



> *पुस्तक पढ्ने बानी विकास गर्न सुरुमा अलिक गाह्रो लाग्न सक्छ । व्यस्त जीवनशैली, मोबाइलको लत र ध्यान भंग गर्ने कुराहरूले पढ्ने मनोवृत्ति कमजोर बनाउँछन् । तर यदि दैनिक केही समय पढाइका लागि छुट्टाइयो भने बिस्तारै यो बानी बन्न थाल्छ । सुरुमा छोटा पुस्तक वा रुचिका पुस्तक पढ्न सुरु गर्दा सजिलो हुन्छ ।*

पढ्ने बानीले सामाजिक चेतना पनि विकास गर्छ । पुस्तकले मानिसलाई समाजका विविध पक्षहरू बुझ्न मद्दत गर्छ - गरिबी, अन्याय, लिंग भेद, जातीय विभेदजस्ता मुद्दामाथि पुस्तकले गहिरो दृष्टिकोण प्रदान गर्छ । यसरी अध्ययनले मात्र व्यक्तिगत विकास होइन, सामाजिक उत्तरदायित्वबोध पनि बढाउँछ ।

पुस्तक पढ्ने मानिस प्रायः अरूको दृष्टिकोण बुझ्न सक्ने, सहिष्णु र विवेकशील हुने गर्छन् । पढाइले बहुपक्षीय सोच विकास गर्छ र मानिसलाई पूर्वाग्रहबाट टाढा राख्छ । अहिलेको सामाजिक विभाजन, कट्टरता र ध्रुवीकरणको समयमा पुस्तक पढ्ने बानीले विविध विचारहरूको सम्मान गर्न सिकाउँछ, जसले सहिष्णु समाज निर्माणमा टेवा पुऱ्याउँछ ।

अब कुरा गरौं, कस्ता पुस्तक पढ्ने भन्ने बारेमा । सबै खालका पुस्तक पढ्नु राम्रो हो तर पाठकको उमेर, रुचि, आवश्यकता र स्तरअनुसार पुस्तक छनोट गर्नुपर्नेहुन्छ । बालबालिकाका लागि चित्रसहितका कथा पुस्तक, शिक्षाप्रद बाल साहित्य उपयुक्त हुन्छन् । किशोर किशोरीहरूले प्रेरणात्मक जीवनी, रोचक साहित्य, विज्ञानसम्बन्धी पुस्तक वा इतिहास पढ्न सक्छन् । युवावस्थामा व्यवसाय, मनोविज्ञान, नेतृत्व, दर्शन र आधुनिक प्रविधिसँग सम्बन्धित पुस्तकले ठुलो लाभ दिन सक्छ ।

साहित्यिक पुस्तक पढ्दा भाषाशैली, भाव सम्प्रेषण र साहित्यिक चेतना बढ्छ । काव्य, उपन्यास, निबन्ध, यात्रा वृत्तान्त आदिले जीवनलाई विविध कोणबाट बुझ्न मद्दत गर्छ । विज्ञान र प्रविधिका पुस्तकले तर्क गर्ने बानी र नवीन सोच निर्माण गर्छन् । इतिहासका पुस्तकले अतीत बुझ्न, वर्तमान विश्लेषण गर्न र भविष्यको योजना बनाउन मद्दत गर्छन् । आत्मविकास, ध्यान, योग, समय व्यवस्थापनजस्ता विषयमा लेखिएका पुस्तकले व्यावहारिक जीवनलाई अझ व्यवस्थित बनाउन सहयोग पुऱ्याउँछन् ।

पढ्ने पुस्तक छनोट गर्दा सधैं विश्वसनीय लेखक, समीक्षाका आधारमा छनोट गर्नु उपयुक्त हुन्छ । लोकप्रियता मात्रको आधारमा पुस्तक छनोट गर्नु उपयुक्त नहुन सक्छ । साहित्यिक गहिराइ, तथ्यको प्रमाणिकता र भाषिक सन्तुलनजस्ता पक्ष विचार गर्नु जरुरी हुन्छ ।

पुस्तक पढ्ने बानी विकास गर्न सुरुमा अलिक गाह्रो लाग्न सक्छ । व्यस्त जीवनशैली, मोबाइलको लत र ध्यान भंग गर्ने कुराहरूले पढ्ने मनोवृत्ति कमजोर बनाउँछन् । तर यदि दैनिक केही समय पढाइका लागि छुट्टाइयो भने बिस्तारै यो बानी बन्न थाल्छ । सुरुमा छोटा पुस्तक वा रुचिका पुस्तक पढ्न सुरु गर्दा सजिलो हुन्छ । एकपटक पढ्ने स्वाद लागेपछि यो बानी जीवनको अभिन्न अंग बन्छ ।

पढ्न समय छैन भन्ने बहाना प्रायः गरिन्छ तर दिनको १५-२० मिनेट पनि पढ्ने बानीले जीवनमा ठुलो प्रभाव पार्न सक्छ । यात्रा गर्दा, विश्रामको समयमा, सुत्नुअघि वा बिहान उठ्नेबित्तिकै पढ्न सकिन्छ । आजकाल अडियो बुक, ई-बुक, मोबाइल एप्स आदिले पढ्न सजिलो बनाएका छन्, जसले प्रविधिको सदुपयोग गर्दै अध्ययनलाई निरन्तरता दिन सकिन्छ ।

विद्यालय, परिवार र समाजले पुस्तक पढ्ने संस्कार विकास गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ । अभिभावकले बालबालिकालाई सानैदेखि पुस्तक उपहार दिनु, सँगै पढ्नु र पुस्तक प्रेमी वातावरण सिर्जना गर्नु आवश्यक छ । विद्यालयहरूले पुस्तकालयमा पहुँच, पठन संस्कार प्रतियोगिता, पुस्तक समीक्षा कार्यक्रम सञ्चालन गर्नुपर्छ । सामाजिक संस्थाहरूले सामुदायिक पुस्तकालय, खुला पठन केन्द्र स्थापना गरेर समाजमा अध्ययन संस्कारको विकास गर्न सक्छन् ।

आजको प्रतिस्पर्धात्मक युगमा सफल हुन केवल डिग्री मात्र होइन, ज्ञान, सोच, दृष्टिकोण र व्यवहार पनि उत्तिकै आवश्यक छन् । ती सबैको मूल स्रोत नै पुस्तक हो । मोबाइल, टेलिभिजन, सामाजिक सञ्जालमा बिताएको समयको सानो अंश पनि पढाइमा लगाइयो भने जीवनमा गुणात्मक परिवर्तन ल्याउन सकिन्छ । पुस्तक पढ्ने बानी केवल एउटा सिप होइन, यो जीवनशैली हो । यसले व्यक्तिको बौद्धिक, सामाजिक, भावनात्मक र नैतिक विकासमा गहिरो प्रभाव पार्छ । पुस्तक पढ्ने बानीले मानिसलाई केवल जान्ने बनाउँदैन, बुझ्ने पनि बनाउँछ र यही बुझाइले साँचो अर्थमा शिक्षित बनाउँछ । त्यसैले, आउनुहोस्, आजैबाट पुस्तक पढ्ने बानी विकास गरौं । जीवनको हरेक चरणमा पुस्तकलाई साथी बनाऔं, ज्ञानको उज्यालो फैलाऔं र आफ्नै जीवनलाई उज्यालो बनाऔं ।

## कविता

### श्रद्धाञ्जली



प्रकाशचन्द्र खतिवडा

जितेर मात्रै जितिँदैन युद्ध
देखेर मात्रै पूरा हुँदैन सपना
आशा पिएर बाँच्छ मान्छे
दावानल जस्तो दन्किरहेछ देश
म खण्डहरमा उभिएर चिच्च्याइ रहेछु
देश पीडाले रुन्छ
म देशको माया लागेर रुन्छु ।

म रगतको खोली तर्दै
अज्ञात लासहरूको खोजीमा छु
लासहरू सडकमा यत्रतत्र छरिएका छन्
सुन्दर सपना गुमाएर
आमाहरू मुर्छित छन्
सन्तान गुम्नुको पीडाले
काखहरू रित्तै भएका छन्
सरकारी दमन र ज्यादतीले ।

चोकहरू बले
दरबारहरू जले
चौकीहरू जले
अदालत र मिसिलहरू जले
गोदाम रित्याइयो
सुपर मार्केटहरू डढे
आन्दोलन नियन्त्रण बाहिर लगी
उपद्रव मच्चाउने को थिए ?
सजिलो छ जवाफ घुसपैठ भयो ।

घुसपैठले मात्रै देश पक्कै बल्दैन
जेन्जीहरूले जवाफ दिनु पर्ला
देश बाल्ने योजनाकार को थिए ?
तिम्रा साथीहरूले शाहदत प्राप्त गरे
सरकार हत्यारो भयो भन्दैमा
आगजनी र तोडफोड नगर्दा हुन्थ्यो
आन्दोलनका अनेक बाटाहरू थिए

भवनहरू कब्जा गरी
नियन्त्रणमा राख्दा हुन्थ्यो
मन्त्रीमण्डल घोषणा गरी
राज्य सत्ता हडप्दा हुन्थ्यो
देश खरानी भएको छ
विवेक र संयम गुमाउँदा ।

तिम्रो सपना सुशासन रहेछ
भ्रष्टहरूलाई कठघरामा उभ्याउँदा हुन्थ्यो
नेताहरू ऐश आराममा थिए
टुँडिखेलमा नांगेझार पार्दा हुन्थ्यो
अकुत सम्पत्ति आर्जन गर्नेहरूको
सम्पत्ति राष्ट्रियकरण गर्दा हुन्थ्यो
सायद देश हार्ने थिएन
तिमीहरूले धैर्यता नगुमाएको भए ।

मानवता रोए पछि
म लज्जित छु
मेरो बुद्ध तरक्क रोएको छ
शान्ति बहाली नभए पछि ।

मलाई बोल्न मन छैन
देश जलिरहेको बेला
मृतक जेन्जीहरूलाई
श्रद्धाञ्जली दिनै छ
फूलको थुंगा लिएर
आर्यघाट नेरै
म शिर झुकाइ उभिएको छु ।

## कविता

### मलाई सम्झेर नरूनु आमा !



खिमराज गिरी

मलाई सम्झेर नरुनु आमा
म त देशको लागि हाँस्दै ढलेको हो
मेरो रगतले अब यो माटो उर्वरा बन्नेछ
मेरो पीडाले होइन, तिम्रो सहनशीलताले भविष्य बाँच्नेछ
७४ जनाको बिचमा म पनि एउटा रंगीन फूल हुँ
हामी सबैले रोपेको बलिदान भोलिको बगैंचामा फुल्नेछ ।

आमा, तिमी मलाई सम्झेर आँसु नझार
केवल देशकै लागि लडेको म महान् योद्धा हुँ
यो धरती मेरो अन्तिम शय्या बनेको छ
अनि देशकै लागि रगतको खोलो बगेको छ
सिंहदरबारलगायत सबै सरकारी भवन जले
तर मेरो हृदयले त्यो सबै कायरहरूको प्रपञ्च भनेको छ ।

आमा मलाई सम्झेर आँसुको नदी नबगाऊ
कुनै दिन देशको माटोले सम्झेछ भने
सबै नेपालीहरूको सान र सम्मान थपिने छ
सुखी नेपाली समृद्ध नेपालको आभास सबैले पाउनेछन्
कोठा र चोटाबाट निकालिए रे धन दौलतका भकारी
अव पक्कै पनि ती पापिष्ठहरू सजायको भागीदार हुनेछन् ।

आमा मलाई सम्झेर नरुनु अब
देशलाई सम्झेर आँसुको खहरे बगाउनु
तर बिचौलियाले भरिएको यो मुलुकमा
मौकाको चौका हान्नेहरूको बिगबिगी आए पनि
अनौठो नमानी, सहर्ष स्विकार्नु आमा
तर मलाई सम्झेर अव कहिल्यै नरुनु आमा
मलाई सम्झेर कहिल्यै नरुनु आमा ॥

# भिक्षापात्र

कथा



■ लक्ष्मण सिटौला

> *एक दिन बाटोमा जाँदै गर्दा उसले आफूभन्दा गम्भीर प्रकृतिको एउटा अपांग भिखारी देख्यो, जसको काम गर्ने दुवै हात नै थिएन । त्यो भिखारीले भन्यो, 'दाजु, म सात दिनदेखि भोकै छु । अन्नको दाना मुखमा परेको छैन । अब पनि केही खाइनँ भने म मर्नेछु ।'*

एक दिन एउटा भिखारी भिक्षा माग्दै हिँड्न थाल्यो । बाहिर निस्कनुपूर्व उसले सोच्यो कि भिक्षापात्र खाली देखे भने कसैले पनि उसलाई भिक्षा दिँदैनन् । भिक्षा दिनेको पनि साइकोलोजी हुन्छ, खाली पात्रमा अक्सर मानिस भिक्षा दिन्नन् ।

भिक्षा माग्न थालेको पाँच वर्षको अनुभवबाट उसले यही कुरा जान्यो । श्रम गरेर खानलाई उसको एउटा औंला अलिक लुलो थियो । 'म फरक क्षमता भएको मानिस हुँ, मलाई सबै मान्छेको सहयोग मिल्नुपर्छ,' भन्ने यसको मान्यता थियो । उसको सामान्य अपांगता नै भिख माग्ने सर्टिफिकेट सम्झिन्थ्यो ऊ, जसरी मानिस सरकारी जागिरका लागि आफ्नो अध्ययनको प्रमाणपत्र पेस गर्छन् । उसलाई भिक्षा दिने कोही कोही त 'यस्तो लक्का जवान छोरो, मान्छे त श्रम गर्नु नि, त्यत्रो तिघ्रामा हुनेले के भिक्षा मागेको ?' भनेका थिए ।

त्यस्ता कुरालाई उसले खासै ध्यान दिन्थेन । ऊ एक नम्बरको लोभी पनि थियो । भिक्षा माग्दै जाँदा कसैले दिएन भने उसलाई रिस उठ्थ्यो । ऊ एउटा गाउँमा दुई तीन साता बिराएर मात्र जान्थ्यो । अक्सर मानिस भ्रममा हुन्थे कि यो माग्नेलाई पहिला कतै देखेको हो कि होइन ?

ऊ हरेकपटक भेष बदलेर जान्थ्यो ताकि मानिस उसलाई देखेर झुक्किऊन्, 'अहो, यो त्यही पुरानो माग्ने होइन भने ?'

ऊ माग्ने त हो तर अलिक भिआइपी माग्ने । माग्दा ऊ जुन ठाउँमा गए पनि समयअनुसार जे मिल्थ्यो, त्यही भिक्षाका रूपमा ग्रहण गर्थ्यो । फलफूलको पसलको साहुसँग फलफूल लिन्थ्यो । दुध पसलेसँग दुध लिन्थ्यो र तुरुन्तै पिउँथ्यो । मासु पसलेसँग मासु लिन्थ्यो । गाउँको तल्लो भागमा मोटरबाटो र बजार थियो । परपर गाउँ हुँदै भिक्षा मागेर फर्किंदा ऊ बजार हुँदै आउथ्यो । भिक्षापात्र नै भरिएपछि, ऊ झोलामा हाल्थ्यो चामल, पैसा र अरू खानेकुरा ।

हरेक दिन ऊ त्यही गर्थ्यो । उसको कुटीमा अरू पनि गाजा-भाङ खान आउँथे, तिनीहरूलाई पनि पाल्थ्यो भिक्षा मागेर । उसको कुटीमा जवान अल्छी भिखारी थुप्रै थिए ।

भिक्षाटन गर्न जानुअगाडि एक दिन उसले भिक्षापात्रमा १००/५० का नोट र आधा माना चामल राख्यो आफ्नै भण्डारबाट, ताकि अरूले उसलाई सजिलै पत्याउन सकून् कि उसले सबैको सहानुभूति पाएको छ ।

एक दिन बाटोमा जाँदै गर्दा उसले आफूभन्दा गम्भीर प्रकृतिको एउटा अपांग भिखारी देख्यो, जसको काम गर्ने दुवै हात नै थिएन । त्यो भिखारीले भन्यो, 'दाजु, म सात दिनदेखि भोकै छु । अन्नको दाना मुखमा परेको छैन । अब पनि केही खाइनँ भने म मर्नेछु ।'

नभन्दै, उसले त्यो अपांग भिखारीको शरीर भोकले गलित भएको देख्यो । उसले सोच्यो, 'भिक्षापात्रमा भएको यो चामल र केही पैसा उसलाई दिएँ भने म दिनभर भिक्षाहीन हुन सक्छु । यसले मेरो दिनको सुरुवात नै बिगारी दिन्छ ।' ऊ मनमा मुर्मिन्यो किनकि खाली पात्रमा कोही भर्न चाहँदैनन् । भरिएको पात्र मात्रै हेर्छ यो समाज । त्यो भिखारी बडो संकटमा परेछ ।

दिउँ कि नदिउँ, भनिरहेको थियो उसको मनले । भिक्षापात्रमा रहेका केही चामलका दाना मुट्ठीमा राख्दै सोच्न थाल्यो, 'के गरूँ ?'

दुवै हात नभएको अपांग भिखारीले भन्यो, 'मित्र, दानपात्रको एक मुट्ठी चामल मलाई दिनलाई तिमी यतिन्जेलसम्म सोचिरहेका छौ ? तिम्रो मनले दिऊँ कि नदिऊँ भनिरहेको छ ? दान गर्न कति गाह्रो रहेछ है ! हाम्रो मन र अरूको मन के फरक होला र है ? कसरी माग्दैमा भिख दिन्छन् त ती किसानहरूले, जो एक गेडा अन्न उब्जाउन १०औं थोपा पसिना खर्च गर्छन् । अझ तिमी त मभन्दा शारीरिक रूपमा पनि सशक्त छौ ।'

दुवै हात नभएको भिखारीको कुरा सुनेर ऊ रिसायो र भन्यो, 'जुन गोरुको सिङ छैन, त्यही गोरुको नाम तिखे । दुवै हात छैन, उसैको फुर्ती ।'

दुवै हात नहुने भिखारीले भन्यो, 'म त शारीरिक रूपमा अपांग त हुँ, नि तिमी त मानसिक रूपमा अपांग रहेछौ दाइ । शारीरिक अपांगताभन्दा मानसिक अपांगता झन खतरा हो ।'

ऊ झन् मुर्मिरियो । मुट्ठीमा राखेको चामलका दाना पुनः आफ्नै भिक्षापात्रमा राख्यो र हिँड्यो । आधा घण्टा हिँडेपछि, एउटा सुर्तीपुर गाउँ आयो । त्यो गाउँ तिनै गजडीहरूको गाउँ हो जसलाई उसले आफ्नो कुटीमा शरण दिएको थियो । तिनैमध्ये एकको आमाले उसलाई चिनिन् र गाली गर्दै लखेट्न थालिन्, 'हाम्रा छोराछोरीलाई भाँड्न तिमलाई लाज लाग्दैन, युवा भएर भिख माग्ने कि श्रम गर्ने ?'

बाटो अलिक भिरालो थियो । ऊ चिप्लियो र भिक्षापात्रमा भएका सबै चामल पैसा पोखियो । गाउँलेहरूले उसलाई अब त्यो गाउँ आउन नै प्रतिबन्ध लगाए ।

# दलहरूलाई समयमै सच्चिन कांग्रेस लुम्बिनी प्रदेश सभापति पुनको आग्रह

**सूर्य प्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, २४ असोज

नेपाली कांग्रेस लुम्बिनी प्रदेशका सभापति अमर सिंह पुनले दलहरूलाई समयमै सच्चिन आग्रह गरेका छन् । नेपाली कांग्रेस परिवर्तन गाउँपालिका-१ कुरेलीले आयोजना गरेको जय नेपाल खडक स्मृति प्रथम कपको बिहीबार उद्घाटन समारोहलाई सम्बोधन गर्दै उक्त आग्रह गरेका हुन् ।

जब-जब देशमा समस्या आएको छ नेपाली कांग्रेसले नेतृत्व लिएको उनले बताए । चाहे हिजोको राणाशासनविरुद्ध होस्, पञ्चायतको विरुद्ध होस्, दश वर्ष बन्दुकको शासनबाट शत्ता हातमा लिन्छौं भन्ने शक्तिलाई शान्ति प्रक्रियामा लिन होस्,चाहे संविधान जारी गर्ने होस्, संविधान



कार्यान्वयन गर्नेसम्म विपि कोइरालादेखि सुशील कोइरालासम्म र अहिलेका नेपाली कांग्रेसका सभापति शेर बहादुर देउवाको कहिँ न कहिँ भूमिका रहेको र नेपाली कांग्रेसको भूमिका महत्त्वपूर्ण रहेको उनले बताए । उनले अहिलेको विषम परिस्थितिमा पनि नेपाली कांग्रेसले भुमिका खेल्नुपर्ने बताए । नेपालका कम्युनिस्ट पार्टीहरूले मार्क्सबादको कुरा गर्ने र नेपाली कांग्रेसले विपिको समाजवादको कुरा गर्ने भएकोले नेपाली कांग्रेसको विपिको सिद्धान्त, एजेन्डा कांग्रेसकै भरमा संसदीय व्यवस्था उभिएको जिकिर गरे ।

अहिले विषम परिस्थिति भएको जिकिर गर्दै उनले जुन शासनमा छौं, जुन पद्धतिमा छौं जहाँ छौं त्यहीँ सच्चिन आग्रह गरे । संविधान लोकतान्त्रिक गणतन्त्र स्थापना गर्न र संविधान जारी गर्नसम्म सबै दलको साझा भूमिका भएको भन्दै उनले संविधानको संरक्षण गर्न पनि सबै दलको साझा भूमिका हुने भएकोले सबै दलहरू मिलेर अगाडि जानुपर्ने बताए । आफू सत्तामा हुँदा सबै ठिक र आफू सत्ता बाहिर हुँदा सबै बेठिक भन्ने जुन प्रवृत्ति छ, यसमा सबै दल सच्चिन आवश्यक रहेको उनको भनाइ छ । संविधान संरक्षण,व्यवस्थाको रक्षा र देशको रक्षा गर्न सबै दलको एक जुट हुन आवश्यक रहेको र हिजोदेखि संघर्ष गर्दै आएका नेपाली कांग्रेस, नेकपा एमाले र नेकपा माओवादी केन्द्रलगायत अन्य दलहरू अहिलेको विषम परिस्थितिलाई समाधान गर्न एक ठाउँमा उभिनुपर्ने उनले बताए ।

# सिरहाबाट ठूलो परिमाणमा गाँजा बरामद

**मनु यादव निरज/मध्यान्ह**
सिरहा, २४ असोज

सशस्त्र प्रहरी बलले सिरहाको भगवानपुर गाउँपालिका-२, बालन खोलाको कासघारी क्षेत्रमा ठूलो परिमाणमा लागुऔषध गाँजा बरामद गरेको छ । विशेष सूचनाको आधारमा खटिएको टोलीले ९ बोरा गाँजा (२१९.४ किलोग्राम) बरामद गरेको हो ।

शुक्रबार बिहान सशस्त्र प्रहरी नायब उपरीक्षक नन्द राज राईको नेतृत्वमा सशस्त्र प्रहरी बल, नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म, इनर्वा सिरहाको ७ जनाको मोबाइल गस्ती टोलीले उक्त गाँजा फेला पारेको थियो । बरामद



गरिएको गाँजालाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी नेपाल प्रहरीलाई हस्तान्तरण गर्ने तयारी भइरहेको सशस्त्र प्रहरीले जनाएको छ । सशस्त्र प्रहरीका एक अधिकारीले भने,' हामी सीमाक्षेत्रलाई लागुऔषध र अवैध तस्करीमुक्त बनाउन दृढ संकल्पका साथ निरन्तर खटिरहेका छौं ।'

# रुकुमपूर्वमा जिप दुर्घटना

**बालाराम शेर्पाली/मध्यान्ह**
रुकुमपूर्व, २४ असोज

रुकुमपूर्वको भूमे गाउँपालिका-३ जितखोला नजिकै शुक्रबार दिउँसो एक पिकअप जिप दुर्घटनामा परेको छ ।

खाबाङबगरबाट सामान झारेर सल्यानतर्फ जाँदै गरेको लु २च २९४१ नम्बरको जिप दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय रुकुमपूर्वका सूचना अधिकारी लालबहादुर विकले जानकारी दिए ।

दुर्घटनाग्रस्त जिप सल्यान बागचौर नगरपालिका-१ का २८ वर्षीय सरोज बस्नेतले चलाइरहेका थिए । जिपमा चालकसहित दुई जना सवार थिए र उनीहरू दुबै जना सकुशल रहेको प्रहरीले जनाएको छ ।



प्रारम्भिक अनुसन्धानका क्रममा जिपको स्टेरिङ अचानक लक हुँदा दुर्घटना भएको खुलेको प्रहरीले जनाएको छ ।

# काठमाडौं महानगरका सबै सामुदायिक विद्यालयमा स्मार्ट बोर्ड जडान गरिँदै

**काठमाडौं/मस-** काठमाडौं महानगरपालिका भित्रका सामुदायिक विद्यालयलाई प्रविधिमैत्री (डिजिटल) बनाउँदै लगिएको छ ।

महानगरले अब आफ्ना सामुदायिक विद्यालयका लगभग सबै कक्षाकोठामा स्मार्ट बोर्ड जडान गर्ने तयारी गरेको छ ।

यससँगै सामुदायिक विद्यालयका विद्यार्थीहरूले डिजिटल स्मार्ट बोर्डमार्फत आधुनिक तरिकाले पढ्ने अवसर पाउने छन् भने शिक्षकहरूले पनि डिजिटल प्रविधिको प्रयोग गर्दै अध्यापन गर्न सक्ने वातावरण तयार हुँदैछ। डिजिटल कक्षाकोठा स्थापनाका सन्दर्भमा काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह भन्छन्, 'हाम्रा बालबालिकाहरू हाम्रो पहिलो प्राथमिकता हुन् । उनीहरूमा गर्ने लगानीले मात्र उनीहरूलाई विद्यालय, समाज र देशप्रति गर्व गर्न सक्ने आधार तयार हुन्छ भन्ने कुरामा हामी स्पष्ट छौं। यस अभियानमा सबैको अपनत्व र सहभागिता अपरिहार्य छ ।'

महानगरका शिक्षा अधिकृत केशव ज्ञवालीका अनुसार महानगरले स्मार्ट बोर्डको गुणस्तरीयतामा विशेष ध्यान दिएको छ । उनी भन्छन् ,'विद्यालयलाई स्मार्ट बोर्ड खरिदका लागि बजेट पठाइएको छ । विद्यालयले खरिद गर्दा गुणस्तर कायम गर्न न्यूनतम मापदण्ड तोकिएको छ।' काठमाडौं महानगर सहरी योजना आयोगका सहायक विज्ञ सस्मित पोखरेलका अनुसार अहिलेको



युग विज्ञान र प्रविधिको युग भएकाले विद्यालयका कक्षाकोठा पनि प्रविधिमैत्री बन्नैपर्छ । 'पहिले सधैं चक-डस्टर लिएर पाठ्यपुस्तक हेरी पढाउने एकै किसिमको विधि चल्दै आएको थियो । प्रविधिको यत्रो विकास भइसकेको सन्दर्भमा त्यही पुरानो शैलीमा मात्र शिक्षामा परिवर्तन सम्भव छैन,' उनी भन्छन्,'स्मार्ट बोर्डले विद्यार्थी र शिक्षक दुवैका लागि अध्ययन-अध्यापनमा उत्साह र सक्रियता ल्याउनेछ भन्ने विश्वास गरेका छौं ।'

स्मार्ट बोर्डको आकार कक्षा कोठाको परिमाण र विद्यार्थी सङ्ख्याका आधारमा निर्धारण गरिएको छ। महानगरका वरिष्ठ शाखा अधिकृत तथा 'गरिखाने शिक्षा, महानगरको इच्छा' कार्यक्रमका फोकल पर्सन सुशील सुवेदी भन्छन्,'विद्यालयले पठाइएको बजेटको १ प्रतिशत रकम प्रयोग गरेर लागत अनुमान र स्पेसिफिकेसन तयार गर्न पाउनेछन्। विद्यालयकै टेक्निकल टिमले परीक्षण गर्ने व्यवस्था मिलाइएको छ, जस्तो पायो त्यस्तै बोर्ड खरिद नहोस् भन्ने नै महानगरको मनसाय हो ।'

स्मार्ट बोर्ड खरिदमा विद्यालयलाई स्वायत्तता दिइए पनि गुणस्तर र पारदर्शिता कायम गर्न महानगरका शिक्षा विभाग, सूचना प्रविधि विभाग र सहरी योजना आयोगको छुट्टै टोलीले खरिद प्रक्रियादेखि लिएर टेक्निकल तथा आर्थिक पक्षसम्म अनुगमन गर्नेछन् ।

गत आर्थिक वर्षमा खरिद भएका ३ सय १३ वटा स्मार्ट बोर्ड विद्यालयहरूलाई हस्तान्तरण भएको छ । सुवेदीका अनुसार हाल खातामा रकम निकासा भइसकेको छ र माघ मसान्तभित्र कार्य सम्पन्न गर्ने कार्यादेश दिइएको छ । विद्यालयले चाँडै काम गरेमा तिहारअघि नै स्मार्ट बोर्ड जडान सम्पन्न हुन सक्ने अवस्था छ ।

पहिले नै विद्यालयहरूमा १ सय ७७ वटा स्मार्ट बोर्ड जडान भइसकेका छन् । गत आर्थिक वर्षको बजेटबाट थप ३ सय १३ बोर्ड वितरण भएको छ । यसमा चालु योजनाअनुसार थप ५ सय ७० स्मार्ट बोर्ड जडान हुने भएकाले जम्मा १ हजार ६० बोर्ड जडान हुनेछन् ।

अब विद्यालयहरूमा सबै कक्षाकोठामा स्मार्ट बोर्ड पुग्नेछन् भने ठुला र धेरै सेक्सन भएका विद्यालयहरूमा पनि ८० प्रतिशतभन्दा बढी कक्षाकोठा समेटिने अपेक्षा गरिएको छ । बाँकी कक्षाकोठाहरूका लागि आगामी वर्ष बजेट विनियोजन गरिनेछ ।

यस योजनाबाट सामुदायिक विद्यालयका करिब ५३ हजारभन्दा बढी विद्यार्थी प्रत्यक्ष लाभान्वित हुने अनुमान गरिएको छ ।

स्मार्ट बोर्ड खरिदका लागि बजेट महानगरको 'गरिखाने शिक्षा, महानगरको इच्छा' शीर्षक अन्तर्गत महानगर गौरव योजनामार्फत प्रदान गरिएको हो । विद्यालयहरूले स्वायत्त रुपमा खरिद गर्न सक्ने गरी व्यवस्था गरिएको छ, तर महानगरले गुणस्तर, पारदर्शिता र समयसीमामा विशेष जोड दिएको छ ।

# ललितपुर महानगरद्वारा शहीद महर्जनको परिवारलाई ५ लाख सहयोग

**ललितपुर/मस-** ललितपुर महानगरपालिकाले जेनजी आन्दोलनका शहीद विनोद महर्जनको परिवारलाई आर्थिक सहायता उपलब्ध गराएको छ ।

शुक्रबार ललितपुरमा एक कार्यक्रमको आयोजना गरी महानगरपालिकाका मेयर चिरीबाबु महर्जनले शहीद विनोदकी आमा लतमाया महर्जनलाई ५ लाख आर्थिक सहायता उपलब्ध गराएका हुन् । त्यस अवसरमा उनले ललितपुर महानगरपालिका वडा नम्बर ७ निवासी सहिद विनोद महर्जन एक मूर्धन्य व्यक्ति भएकाले उनको निधनबाट देशले नै एउटा आँटिलो छोरा गुमाएको प्रतिक्रिया दिए । उनले परिवारजनलाई सम्हालिएर अघि बढ्न पनि आग्रह गरे ।




मेयर महर्जनले भने,'मुलुकले नै एउटा मुर्धन्य व्यक्ति, आँटिलो व्यक्ति गुमायो । मुलुकनै शोकको अवस्थामा छ । तपाई आम र परिवारको अपुरणीय क्षति भएकाले भावविह्वल हुनुत स्वभाविक कुरा नै हो । म परिवारलाई अनुरोध गर्न चाहन्छु- जाने व्यक्ति गइसक्यो । किमार्थ फर्केर आउँदैन । तसर्थ, उहाँको सम्झनामा आफ्नो स्वास्थ्यनै बिग्रिने गरेर र घरले इकोनोमिनै धान्न नसक्ने गरेर तपाईहरु पीर नगर्नुस् । सम्हालिएर तपाईहरु अगाडि बढनुस । स्वास्थ्यको ख्याल गर्नुस् ।' ललितपुरमा महानगरपालिका वडा नम्बर ७ का विनोद महर्जन कला क्षेत्रमा आवद्ध थिए ।

# गौर नगरपालिकाका मेयरमाथि बाढीपीडितको पीडामा राजनीति गरेको आरोप, पत्रकारमाथि आक्रमण



**रौतहट/मस-** गौर नगरपालिकाका मेयर शम्भु साहमाथि बाढीपीडित जनताको पीडालाई राजनीतिक प्रचार र झुटो सूचना फैलाएको आरोप लागेको छ। यस विषय सार्वजनिक गर्ने पत्रकार प्रवीण टिबडेवालमाथि भने आक्रमण भएको छ ।

तीन दिनअघि गौर क्षेत्रमा आएको बाढीले जनधनको क्षति भएको बेला मेयर साहले सामाजिक सञ्जालमार्फत 'भारतले आफ्नो पहलमा स्लुइस गेट खोलेको' दावी गरेका थिए । तर पत्रकार टिबडेवालले दशगज्जास्थित स्लुइस गेटमा पुगेर सामाजिक सञ्जालमा लाइभ प्रसारण गरी वास्तविकता उजागर गरे । उनको स्थलगत रिपोर्टिङमा गेट बन्द रहेको र स्थानीयले पनि गेट नखुलेको पुष्टि गरेका थिए ।

बाढी र डुबानले प्रभावित बस्तीका जनता राहतको पर्खाइमा रहेका बेला मेयरले गलत सूचना फैलाएको भन्दै स्थानीयले आक्रोश व्यक्त गरेका छन् । मेयरको दाबी गलत रहेको प्रमाणसहित समाचार प्रकाशन गरेपछि पत्रकार टिबडेवालमाथि मेयरनिकट समूहले आक्रमण गरेको बताइएको छ । आक्रमणअघि मेयरले आक्रमणकारीहरूसँग छलफल गरेको दाबी गरिएको छ ।

आक्रमणकारीहरूले पत्रकार टिबडेवाललाई पाँच दिनभित्र ज्यान मार्ने धम्की दिएको र शारीरिक आक्रमणको प्रयास गरेको प्रत्यक्षदर्शीहरूले बताएका छन् ।

पूर्वनगरप्रमुख अजय गुप्ताले जनप्रतिनिधिले जनभावना विपरीत कार्य गर्नु र पत्रकारमाथि आक्रमण गराउनु निन्दनीय भएको बताए । उनले लोकतन्त्रमा आवाज उठाउनु सबैको अधिकार भएको उल्लेख गरे । त्यस्तै, संविधानसभा सदस्य तथा नेकपा (एमाले) नेता बबन सिंहले मेयरको जनाधार घट्दै गएपछि आतिएर जनतामाथि आक्रमण गराउन थालेको भन्दै कडा आलोचना गरे ।

सचेत नागरिकहरूले पत्रकार टिबडेवालले बाढीको समयमा जनतालाई सुसूचित गर्न महत्त्वपूर्ण भूमिका खेलेको भन्दै मेयरको व्यवहारको निन्दा गरेका छन् । टिबडेवालले आक्रमणको समयमा नेपाल पत्रकार महासंघ रौतहटका सचिव गौतम श्रेष्ठ आफूसँगै रहेको र घटनाको प्रत्यक्षदर्शी भएको बताए । उनले महासंघसँग दोषीमाथि कारबाहीका लागि पहल गरिदिन माग गरेका छन् ।

टिबडेवालले बाढी र डुबानजस्तो संवेदनशील अवस्थामा गलत सूचना फैलाएर जनभावनामाथि खेलबाड गर्ने र सत्य उजागर गर्ने पत्रकारमाथि आक्रमण गराउनु प्रेस स्वतन्त्रता र लोकतन्त्रको आत्मामाथि प्रहार भएको बताए । यसैबीच, प्रहरी प्रशासनले घटनाको प्रारम्भिक अनुसन्धान सुरु गरेको जनाएको छ ।

# अस्थायी क्याम्पबाट स्वास्थ्य सेवा सञ्चालन




**धर्मेन्द्रकुमार साह/मध्यान्ह**
रौतहट, २४ असोज

रौतहटको दुर्गा भगवती गाउँपालिकामा रहेको प्राथमिक स्वास्थ्य केन्द्र गंगा पिपरा बाढीले डुबानमा परेपछि अस्थायी क्याम्पमार्फत स्वास्थ्य सेवा सञ्चालनमा ल्याइएको छ । असोज १८ गतेको अविरल वर्षा र त्यसपछिको विनाशकारी बाढीका कारण स्वास्थ्य केन्द्र लामो समयदेखि डुबानमा छ । केन्द्रमा जमेको पानीको निकास नहुँदासम्म अस्थायी क्याम्पबाट सेवा प्रदान गर्ने निर्णय गरिएको गाउँपालिका अध्यक्ष शम्भु सिंहले बताए ।

नागरिकको स्वास्थ्य सेवाको गम्भीरतालाई मध्यनजर गर्दै अस्थायी क्याम्प सञ्चालनमा ल्याइएको उनले उल्लेख गरे। हाल क्याम्पमार्फत गर्भवती महिलाको नियमित जाँच, सुत्केरी सेवा, अल्ट्रासाउन्ड, ओपिडी र परिवार नियोजनका सबै सेवाहरू दैनिक रूपमा प्रदान भइरहेको स्वास्थ्य शाखा संयोजक दिनेश महतोले जानकारी दिए ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७१/०२/०९ मा दर्ता भएको **प्रा.लि. नं. १२२८६१** को श्री **सिडेर कन्सल्टेन्सी एण्ड एजुकेशनल सर्भिसेज प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८२/०६/२४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**मोटरसाईकल हराएको सूचना**

मिति २०८२/०६/०८ गते बिहान ४:०० बजेको समयमा सुर्यबिनायक-१, भक्तपुर घर अगाडी पार्किङ गरी राखेको बा.प ०२-०५० प ६८७७ नं Navy Blue रङको यामहा कम्पनीको सी सी १४९ मोडेल FZS V2 मोटरसाईकल हराएको हुँदा देख्नुहुने महानुभावहरुले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरि दिनुहुन अनुरोध गर्दछु ।

**सवारी धनीः बलराम बस्नेत**
**ठेगानाः सुर्यबिनायक- १, भक्तपुर**
**ईन्जिन नम्बरः G3J3E0588956**
**चेसिस नम्बरः MEIRF4455R0095801**
**सम्पर्क नम्बर : ९८०११५८९२९**

**साउदीमा रोजगार**

कम्पनीः MAJD AL-ULYA TRADING LIQUIDITY ESTABLISHMENT — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०६/२३ — चलानी नं.: ६०२४५९०३ — LT. No.:332162

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 2 | 0 | स. काममा दक्ष | 1000 | ३७,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः Al-Haider Contracting Company, Hadi Saleh Al-Haider and Partners Company — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०६/२४ — चलानी नं.: ६०२४५९०० — LT. No.:332164

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Truck Driver | 20 | 0 | | 1800 | ६८,०२२ | | | | | | | |

कम्पनीः MOHSEN FAYEZ AL-SUBAIE FOUNDATION — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०६/२४ — चलानी नं.: ६०२४५९०१ — LT. No.:332160

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३७,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter/service Crew /restaurant Worker | 2 | 0 | | 1200 | ४५,३४८ | | | | | | | |

कम्पनीः ABDUL MOHSEN AL-RUSAIS & SONS GROUP COMPANY — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०६/२४ — चलानी नं.: ६०२४५९०२ — LT. No.:332161

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 15 | 0 | स. काममा दक्ष | 1200 | ४५,३४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः MOHAMMED IHSAN MAHMOUD ABDEL-HAY AREF COMPANY — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०६/२४ — चलानी नं.: ६०२४५८९९ — LT. No.:332212

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३७,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ कार्तिक १ गते (18 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा.लि.**
चाकुपाट, ललितपुर, नेपाल, फोन : ५२६८२२४
Mobile: 9847275969, 9851008664, 9851071822, 9863775437, 9851190207, 9801232406, Ithari Contact No: 9852049211
श्रम इजाजत पत्र नं. ११३/०५५/०५६

**साउदीमा रोजगार**

कम्पनीः AL-SAMAH GENERAL CONTRACTING ESTABLISHMENT — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०६/२२ — चलानी नं.: ६०२४५८३७ — L.T. No.: 331980

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Road Maintainance Worker | 3 | 0 | स. काममा दक्ष | 1000 | ३७,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः CITY LIGHTING CONTRACTING COMPANY — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०६/२२ — चलानी नं.: ६०२४५८३८ — L.T. No.: 331981

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Blacksmith | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५२,९०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Loading Unloading Labor | 10 | 0 | | 1000 | ३७,७९० | | | | | | | |

कम्पनीः SECRET PLATE RESTAURANT FOR CATERING — शहरः RIYADH
पूर्व स्वीकृत मितिः २०८२/०६/२२ — चलानी नं.: ६०२४५८३६ — L.T. No.: 332043

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Coffee Maker | 2 | 0 | स. काममा दक्ष | 1400 | ५२,९०६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ कार्तिक १ गते (18 October 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २५९६ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**FAZAL INTERNATIONAL PVT. LTD.**
Gov. Lic. No. 709/064/065
Sinamangal, Kathmandu Tel: 4581208, 4581209, Fax: 4581210

मध्यान्ह
www.madhyanhadaily.com
२५ असोज २०८२ शनिबार
11 October 2025 Saturday

# अब दैनिक २५ लाख रुपैयाँसम्म रेमिट्यान्स पठाउन पाइने




**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ असोज

वैदेशिक रोजगारमा गएका श्रमिकहरूले अब दैनिक रूपमा २५ लाख रुपैयाँसम्म रेमिट्यान्स नेपालमा पठाउन पाउने भएका छन् । नेपाल राष्ट्र बैंकले एकीकृत परिपत्र-२०८१ लाई संशोधन गर्दै सो रेमिट्यान्स पठाउन पाइने सीमा बढाएको हो ।

अहिलेसम्म यस्तो रकम दैनिक रूपमा बढीमा २० लाख रुपैयाँसम्म मात्र पठाउन पाइने व्यवस्था रहेको थियो ।

'नेपाली/विदेशी नागरिक वा नेपालमा दर्ता भएका फर्म/कम्पनी/संस्था/शाखा कार्यालयले बिक्री, कमिसन, शुल्क, पारिश्रमिकलगायत विभिन्न प्रयोजनका लागि फिर्ता नहुनेगरी विदेशी (नागरिक वा फर्म/कम्पनी/संस्था)बाट प्राप्त हुने रकम इजाजतपत्र प्राप्त विप्रेषण कम्पनीमार्फत सम्बन्धित बेनेफिसिरीको खातामा जम्मा गर्नेगरी २५ लाख रुपैयाँसम्म (एकपटक वा पटकपटक)को विप्रेषण रकम ल्याउन सकिनेछ,' संशोधित एकीकृत परिपत्रमा भनिएको छ ।

त्यस्तै, नेपाल राष्ट्र बैंकले एकीकृत परिपत्रमा नयाँ संशोधनमार्फत दैनिक आयात गर्न पाइने सुनको कोटा पनि बढाएको छ । अहिलेसम्म दैनिक रूपमा २० किलोग्राम सुन आयात गर्ने व्यवस्था रहेकोमा सो व्यवस्थालाई संशोधन गर्दै २५ किलोग्राम पुऱ्याइएको छ ।

# निर्यात अनुदान बन्द नगर्न सरकारसमक्ष चेम्बरको आग्रह



**काठमाडौं/मस–** नेपाल चेम्बर अफ कमर्सले निर्यात अनुदान बन्द नगर्न सरकारसमक्ष आग्रह गरेको छ । शुक्रबार सिंहदरबारमा चेम्बरका अध्यक्ष कमलेशकुमार अग्रवालसहित पदाधिकारी र कार्यसमितिको टोलीले उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री अनिलकुमार सिन्हासमक्ष भेटवार्ता गर्दै निर्यातमा दिँदै आइएको सहुलियत अनुदान बन्द नगर्न आग्रह गरेको हो ।

आन्तरिक उत्पादनहरूको निर्यात क्षमता प्रतिस्पर्धी बन्न नसकेको, उत्पादन लागत उच्च भएको अवस्थामा सरकारको पछिल्लो निर्णयले निर्यात निरुत्साहित हुने चेम्बरद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको छ । अर्थतन्त्रका विद्यमान समस्या समाधान गर्दै लगानीकर्ताको मनोबल उकास्नेगरी नीतिगत सहजता गर्न चेम्बरले उद्योगमन्त्री सिन्हासमक्ष आग्रह गरेको छ ।

वर्तमान परिस्थितिमा औद्योगिक तथा व्यावसायिक सुरक्षाको प्रत्याभूतिका साथै लगानीमैत्री वातावरण निर्माण गर्न चेम्बरले आग्रह गरेको हो । चेम्बरद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'अर्थतन्त्रलाई सबल बनाउन निजी क्षेत्रसँग साझेदारी गर्दै नीतिगत स्पष्टता, लगानीमैत्री वातावरण र व्यावसायिक सुरक्षाको सुनिश्चितता गर्ने विषयलाई सरकारले उच्च प्राथमिकतामा राख्नुपर्ने आजको आवश्यकता छ ।'

जेनजीद्वारा गरिएको प्रदर्शनबाट गम्भीर रूपमा प्रभावित उद्योग तथा व्यवसायलाई कर्जाको पुनर्तालिकीकरण, सहुलियत दरमा कर्जा उपलब्धता एवं पुनर्निर्माणका क्रममा उद्यमी, व्यवसायीले आयात गर्ने सामानमा ५० प्रतिशत भन्सार छुट, अन्तःशुल्क छुटको व्यवस्था तथा द्रुतगतिमा बिमा दाबी फर्स्यौट गर्ने नीतिगत व्यवस्थाहरूको चेम्बरले स्वागत गरेको छ ।

यस्तै, मूल्यांकनका आधार कारोबार मूल्य हुनुपर्ने, 'सन्दर्भ पुस्तिका' हटाइनुपर्ने चेम्बरले लामो समयदेखि उठाउँदै आएको मागलाई हाल सम्बोधन गरिएको, विराटनगर भन्सार कार्यालयबाट अनलाइन मूल्यांकन प्रणालीको सुरुवात गरिएकामा चेम्बरले स्वागत गरेको छ । चेम्बरले ऐन, कानुनमा स्पष्टताको अभावले दबाबमूलक ढंगबाट कर उठाउने प्रवृत्तिको अन्त्य गर्न सरकारसमक्ष आग्रह गरेको छ ।

जेनजी प्रदर्शनको मर्मअनुसार युवा उद्यमीहरूलाई छिटो र सजिलो कर्जाको पहुँच दिन तथा सिपमा आधारित व्यवसायलाई प्राथमिकताका साथ अघि बढाउनुपर्नेमा चेम्बरले जोड दिएको छ । यस्तै, व्यवसाय दर्ता, कर तथा अनुमतिपत्र (लाइसेन्स)सम्बन्धी प्रक्रियालाई पारदर्शी, डिजिटलमैत्री र सरल बनाउन चेम्बरले सुझाव दिएको छ ।

मुलुकमा ५० प्रतिशतभन्दा बढी युवा जनशक्ति रहेको भन्दै चेम्बरका अध्यक्ष अग्रवालले युवालाई रोजगारीको मूलप्रवाहमा ल्याएर आत्मनिर्भर अर्थतन्त्रको जग बसाल्नुपर्नेमा जोड दिएका छन् । चेम्बरका पदाधिकारीसँगको भेटवार्तामा उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री सिन्हाले निजी क्षेत्रमा सुरक्षाको प्रत्याभूतिसहित लगानीमैत्री वातावरण सिर्जना गरेर अर्थतन्त्रलाई निकास दिन आफूहरू प्रयासरत रहेको बताए । औद्योगिक तथा व्यावसायिक क्षेत्रको सुरक्षाका लागि चेम्बरले राखेको एकीकृत सुरक्षा प्रणालीको अवधारणा उपयुक्त हुने उनले उल्लेख गरे ।

# नबिल इन्भेस्टमेन्ट बैंकिङको २६.३१ प्रतिशत लाभांश पारित



**काठमाडौं/मस–** शुक्रबारका नबिल इन्भेस्टमेन्ट बैंकिङ लिमिटेडको १६औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । साधारण सभा कम्पनीका अध्यक्ष सुजितकुमार शाक्यको अध्यक्षतामा सञ्चालक समितिका सदस्य, सेयरधनी तथा कम्पनीको व्यवस्थापन समितिका सदस्यहरूको उपस्थितिमा सम्पन्न भएको हो ।

साधारण सभाले गत वर्षको मुनाफाबाट आफ्ना सेयरधनीहरूका लागि चुक्ता पुँजीको २५ प्रतिशतले हुन आउने ८ करोड १० लाख रुपैयाँबराबरको बोनस सेयर तथा कर प्रयोजनका लागि १ दशमलव ३१ प्रतिशतले हुन आउने रकम प्रदान गर्ने प्रस्ताव पारित गरेको छ ।

# कुमारी बैंक र जिआइजेड नेपालबीच समझदारी




**काठमाडौं/मस–** नेपालमा विद्युतीय गतिशीलतालाई प्रवर्धन गर्न कुमारी बैंक र गेसेलसाफ्ट फ्युर इन्टरनासियोनाले जुजामेनआर्बाइट (जिआइजेड) जिएमबिएच (जिआइजेड नेपाल)बीच 'सस्टेनएबल इलेक्ट्रिक ट्रान्सपोर्ट फर नेपाल' परियोजनाअन्तर्गत समझदारी भएको छ ।

सो सहकार्यले सार्वजनिक यातायात व्यवसाय सञ्चालन गर्नेहरूलाई किफायती वित्तीय पहुँच उपलब्ध गराउनेछ र विद्युतीय सार्वजनिक सवारीसाधनको सञ्चालनमा उल्लेखनीय योगदान पुऱ्याउने विश्वास गरिएको छ । विशेषगरी विद्युतीय माइक्रो तथा मिनी बसहरूको इएमबिएस स्वीकृति तथा सञ्चालनलाई तीव्र बनाउन यो पहल गरिएको हो ।

सस्टेनएबल इलेक्ट्रिक ट्रान्सपोर्ट फर नेपाल परियोजना जिआइजेड नेपाल र ग्लोबल ग्रिन ग्रोथ इन्स्टिच्युटको संयुक्त प्रयासमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसहित अन्य साझेदारहरूको सहकार्यमा सञ्चालन भइरहेको छ । यो परियोजना मिटिगेसन एक्सन फ्यासिलिटीको आर्थिक सहयोगमा कार्यान्वयनमा आएको हो र यसले करिब ३ हजार ५ सय विद्युतीय मिनीबस सञ्चालनमा ल्याउने लक्ष्य राखेको छ ।

परियोजनाले नेपालमा सार्वजनिक यातायात प्रणालीलाई सफा, हरित र दिगो बनाउने लक्ष्य लिएको छ । विद्युतीय सवारीलाई प्रवर्धन गर्न परियोजनामा मोबाइल एप्लिकेसन्स, जिपिएस डिभाइस, एलइडी रुट डिस्प्ले टाइप ओपन लुप ई-टिकटिङ सिस्टमलगायतका डिजिटल प्रविधिहरूको प्रयोग गरिने जनाइएको छ ।

समझदारीअनुसार सार्वजनिक यातायात व्यवसायीलाई विद्युतीय बस प्रयोग गर्न प्रोत्साहित गर्न कुमारी बैंकले विशेष लोन प्याकेज र प्रारम्भिक डाउन पेमेन्टमा अनुदान प्रदान गर्नेछ । यसले सवारीसाधनको खरिद लागत कम गर्न सहयोग पुऱ्याउने र विद्युतीय यातायातलाई आर्थिक रूपमा पनि सुलभ बनाउने अपेक्षा गरिएको छ ।

# प्रगति महिला विकास सहकारीको साधारण सभा सम्पन्न



**चितवन/मस–** प्रगति महिला विकास सहकारी लिमिटेडको २७औं वार्षिक साधरण सभा सम्पन्न भएको छ । चितवन भरतपुरमा जानकी शर्माको अध्यक्षतामा संस्थाका ज्येष्ठ पूर्वअध्यक्ष सीतादेवी अधिकारीको प्रमुख आतिथ्यतामा साधारण सभा सम्पन्न भएको हो ।

संस्थाकी उपाध्यक्ष रामकुमारी थापाले स्वागत गरेर सुरु भएको सभामा संस्थाको प्रगति विवरण संस्थाका कोषाध्यक्ष मन्जु खडकाले प्रस्तुत गरेकी थिइन् भने आगामी कार्ययोजना र खर्च विवरण लेखा संयोजक शारदा अधिकारीले प्रस्तुत गरेकी थिइन् ।

साधारण सभामा संस्थापक सेयर सदस्यलाई दोसल्ला र मायाको चिनो तामाको करुवासहित अभिनन्दन गरेको थियो । साथै, सभामा उत्कृष्ट बाल बचतकर्तालाई पुरस्कारको व्यवस्था गर्दै भविष्य उज्ज्वल बनाउन बालबालिकाको बचतलाई प्राथमिकतामा राख्ने अभिभावक र बेलैमा साँवा र ब्याज बुझाउने असल ऋणीहरूलाई पनि सम्मान गरिएको छ ।

